Australian Government

# अष्ट्रेलियन नागरिकता

## हाम्रो साझा सम्बन्ध

यो पुस्तकमा अष्ट्रेलियाली नागरिकता प्राप्त गर्न दिनु पर्ने परिक्षामा सोधिने सबै जानकारी समावेश छ । तपाईंले नागरिकता परीक्षा पास गर्न कुनै मान्छे वा संस्थाबाट प्याकेज किनिरहनु पर्दैन । कसैले कुनै प्याकेजले नागरिकता परीक्षा पास गर्न सहयोग गर्छ भन्ने दाबा गर्न सक्छ तर विभाग त्यस्तो कुनै प्याकेस सिफारिस गर्दैन ।

© Commonwealth of Australia 2020

यो प्रकाशनमा समावेश कमनवेल्थको निशान छाप बाहेकका सबै सामाग्रीहरू https://creativecommons.org/licenses/by/4.0/legalcode मा रहेको क्रएटिभ कमन्न एट्रिब्युसन 4.0 को अन्तरराष्ट्रिय अनुमति पत्रअन्तर्गत प्रयोग भएका छन् ।

यसको अर्थ हो यो अनुमति पत्र यो कागजातमा समावेश सामग्रीमा मात्र लागू हुन्छ ।

क्रिएटिभ कमन्सको वेबसाइट https://creativecommons.org/ मा यो अनुमति पत्रका लागू हुने शर्तहरूको विवरण दिइएको छ । त्यस्तै, https://creativecommons.org/licenses/by/4.0/legalcode मा CC BY 4.0 को पूर्ण कानुनी संहिता दिइएको छ ।

**निशान छापको प्रयोग**

निशान छाप प्रयोग गर्दा पालना गर्नु पर्ने शर्तहरू प्रधानमन्त्री तथा मन्त्री परिषदको वेबसाइट – https://www.pmc.gov.au/government/commonwealth-coat-arms मा दिइएको छ।

**हामीलाई सम्पर्क गर्नुहोस्**

यो अनुमति पत्रका बारेमा तथा यो कागजात अन्य प्रयोजनमा प्रयोग मिल्छ वा मिल्दैन भन्ने बारेमा सोधपुछ गर्न मिल्छ । यी सोधपुछ निम्न ठेगानामा पठाउनुहोला:

Portfolio Media and Engagement Branch
Department of Home Affairs
PO Box 25
BELCONNEN ACT 2616

**अस्वीकृति**

हामी आदिवासी तथा टोरेस स्ट्रेट आइल्याण्डरहरूलाई यो प्रकाशनमामृत व्यक्तिहरूको फोटो र/वा ती व्यक्तिहरूसँग सम्बन्धित सामग्री छ भन्ने कुरा अग्रिम रूपमा अवगत गराउन चाहन्छौं ।

# विषय-सूची


## तपाईंलाई एउटा सन्देश 2

## परीक्षा आउने खण्ड

भाग 1: अष्ट्रेलिया र यहाँका मानिसहरु 7

भाग 2: अष्ट्रेलियाको लोकतान्त्रिक आस्था, अधिकार र स्वतन्त्रताहरू

भाग 3: अष्ट्रेलियामा सरकार र कानून 23

भाग 4: अष्ट्रेलियाली मूल्य मान्यताहरू 33

परिक्षमा आउने खण्डसम्बन्धी शब्दावली 40

## परीक्षामा नआउने खण्ड

भाग 5: आजको अष्ट्रेलिया 48

भाग 6: हाम्रो अष्ट्रेलियाली कथा 63

परीक्षामा नआउने खण्डसम्बन्धी शब्दावली 84

## थप जानकारीका लागि 86

## आभार 88



# तपाईंको लागि सन्देश

अष्ट्रेलियाली नागरिक हुने इच्छा जाहेर गर्नभएकोमा बधाइ छ । नयाँ देशमा बसोबास गर्न थाल्न र नागरिकको रूपमा सो देशका क्रियाकलापहरूमा सहभागी हुन साहस र प्रतिवद्धताको आवश्यकतापर्छ । हामी तपाईंले हाम्रो शान्त र लोकतान्त्रिक समाजमा गर्ने योगदानको कदर गर्छौं ।

अष्ट्रेलियाली नागरिकता प्राप्त गरेपछि बसाइ सर्न तपाईंले चाल्नुभएको महत्वपूर्ण कदम परा हन्छ । अष्ट्रेलियाली नागरिक हुनु भनेको अष्ट्रेलिया र यसका साझा मूल्य मान्यताप्रति निरन्तर प्रतिबद्धता जनाउनु हो । अष्ट्रेलियाली नागरिकता प्राप्त गरेपछि तपाईं अष्ट्रेलियाली समुदायको औपचारिक सदस्य पनि बन्नु हुने छ । त्यस्तै, तपाईं "म अष्ट्रेलियन नागरिक हुँ" पनि भन्न सक्नु हुने छ ।

अष्ट्रेलियाको नागरिक हुनु भनेको एउटा भाग्यको विषय हो । अष्ट्रेलियाली नागरिक भएपछि असंख्य सुविधाहरू लिन सकिन्छ । अष्ट्रेलियाको नागरिक बनेर तपाईं एउटा अनुपम राष्ट्रिय समुदायमा सहभागी हुनु हुँदै छ । आदिवासी, टोरेस स्ट्रेट आइल्याण्डवासी, यहाँ जन्मिने अन्य व्यक्ति, हामीले बेलायतबाट ग्रहण गरेका प्रजातान्त्रिक संस्था तथा संसारभरिबाट आएका आप्रवासीहरूले यो देश निर्माण गरेका हुन् । हामी हाम्रो यो विविधताप्रति गर्व गर्छौं र एकीकृत र मेलमिलापपूर्ण राष्ट्र निर्माण गर्न प्रयत्नशील भइरहन्छौं ।

एक भएर समस्या समाधान गर्नु र अष्ट्रेलियाको भविष्य निर्माण गर्नु नै अष्ट्रेलियाली समाजको सामर्थ्य हो । हाम्रो सरकार स्थिर हुन्छ । हामी अष्ट्रेलियालीहरू सरकारको अधिकार र कानुनको पालना गर्छौं । हाम्रो गौरवशाली इतिहासले हाम्रो स्थायित्व, संस्कृति र कानुन निर्माण गरेको हो । अष्ट्रेलियाली समुदायको सदस्य भएपछि तपाईं पनि अष्ट्रेलियाको इतिहास लेख्न र अष्ट्रेलिया देशलाई अझ राम्रो पार्न सक्नुहुन्छ ।

अष्ट्रेलिया एक प्राचीन भूमि हो । यो विशाल र अद्वितीय छ । यो वर्षवन र वन जंगल, समुन्द्री किनार र मुरुभूमि तथा नगर र कृषि उद्यानको देश हो । आदिवासीहरूको संस्कृति संसारको सबैभन्दा प्राचीन संस्कृति हो । हामी तुलनात्मक रूपमा नयाँ मुलुक पनि हौं; आप्रवासीहरूको मुलुक हौं । सन् 1788 मा युरोपेलीहरू अष्ट्रेलियामा बस्न थाले । हामी आजको दिनमा पनि आप्रवासीहरूलाई स्वगत गर्छौं ।

अष्ट्रेलियामा 200 भन्दा बढी देशका नागरिकहरू बसोबास गर्छ । यसले हाम्रो समाजलाई संसारको सबैभन्दा विविधतापूर्ण समाज मध्येको एक समाज बनाएको छ । अष्ट्रेलियाको जातीय र सांस्कृतिक विविधताले राष्ट्रिय एकतालाई मजबुत बनाउँछ । नागरिकता हामी सबैलाई बाँध्ने साझा धागो हो ।

अष्ट्रेलिया एक लोकतान्त्रिक देश हो । नागरिकताले तपाईंलाई यो लोकतान्त्रिक राष्ट्र निर्माणमा पूर्ण रूपले सहभागी हुने अवसर प्रदान गर्छ । यसको अर्थ हो तपाईं अष्ट्रेलियाली समाजको औपचारिक सद स्यको हैसियतले आफ्नो उत्तरदायीत्वहरू पूरा गर्न तयार हुनुहुन्छ । अष्ट्रेलियालीहरू हरेक व्यक्तिको आत्म सम्मान र स्वतन्त्रता, महिला पुरुष बीचको समानता र कानुनी राज्य जस्ता साझा मूल्य मान्यतामा विश्वास गर्छन् । अष्ट्रेलियाको नागरिकता प्राप्त गर्नु भनेको ती मूल्य मान्यताहरू आफ्नो दैनिक जीवनमा उतार्नु हो ।

# अष्ट्रेलियन नागरिक हुनु

अष्ट्रेलियन नागरिक हुनु भनेको एक महत्वपूर्ण प्रक्रिया हो । यो प्रक्रिया अन्तर्गत नयाँ नागरिकले अष्ट्रेलिया र यसका नागरिकहरू प्रति आफ्नो निष्ठा दर्शाउनु पर्छ । त्यसपछि मात्र उनी यो देशको नागरिकको रूपमा उनलाई प्राप्त हुने अधिकार तथा उत्तरदायित्वहरूको अभ्यास गर्न पाउँछन् ।

## अष्ट्रेलियन नागरिकता परीक्षा

अष्ट्रेलियन नागरिकता परीक्षा तपाईंसँग अष्ट्रेलिया, यसको लोकतान्त्रिक प्रणाली, आस्था र मूल्य मान्यता तथा नागरिकताका उत्तरदायित्व तथा अधिकारहरूको बारेमा पर्याप्त ज्ञान छ वा छैन भन्ने कुरा परीक्षण गर्न तयार गरिएको हो ।

वस्तुगत प्रश्नहरू भएको यो परीक्षा कम्प्युटरमा लिइन्छ । यो परीक्षामा 20 वटा प्रश्नहरू हुन्छ । नोभेम्बर 15, 2020 सम्म लिइने परीक्षामा अष्ट्रेलियाली मूल्य मान्यताबाट पाँच वटा प्रश्न पनि सोधिने छ ।

यो परीक्षामा पास हुन तपाईंले यी सबै प्रश्नको जबाफ मिलानु पर्छ र समग्रमा 75 प्रतिशत ल्याउनु पर्छ ।

नागरिकताको परीक्षा अष्ट्रेलिया भरका गृह मन्त्रालयका विभागका कार्यालयहरूमा लिइन्छ । परीक्षाहरू अष्ट्रेलियाका क्षेत्रीय केन्द्रहरू र केही वैदेशिक नियोगहरूमा पनि लिने गरिन्छ।

## अष्ट्रेलियाको नागरिकता परीक्षाको तयारी

नागरिकता परीक्षाको तयारी गर्नको लागि तपाईंले यो श्रोत पुस्तिका पढ्नु पर्ने हुन्छ *अष्ट्रेलियाली नागरिकता: हाम्रो साझा सम्बन्ध ।*

यो श्रोत पुस्तिकामा परीक्षा लिइने र नलिने खण्ड छन् ।

### परीक्षामा आउने खण्ड

तपाईंले नागरिकता परीक्षामा उत्तीर्ण हुन यस पुस्तिकाको पहिलो चार भाग पढ्नु जरूरी हुन्छ:

- भाग 1 - अष्ट्रेलिया र यहाँका मानिसहरू
- भाग 2 - अष्ट्रेलियाको लोकतान्त्रिक आस्था, अधिकार र स्वतन्त्रताहरू
- भाग 3 - अष्ट्रेलियाको सरकार र कानून
- भाग 4 - अष्ट्रेलियाली मूल्य मान्यताहरू

नागरिकता परीक्षाको प्रश्नहरूको जवाफ दिन तपाईंले परीक्षामा आउने खण्डमा भएको जानकारीहरू पढ्नु पर्ने हुन्छ ।

### परीक्षामा नआउने खण्ड

परीक्षामा नआउने खण्डमा अष्ट्रेलियाको इतिहास र संस्कृतिको बारेमा महत्वपूर्ण जानकारीहरू छन् । यो खण्डबाट परीक्षामा प्रश्न सोधिने छैन ।

- भाग 5 - आजको अष्ट्रेलिया
- भाग 6 - हाम्रो अष्ट्रेलियाको कथा

### अभ्यास प्रष्नहरू

परीक्षामा आउने खण्डको अन्त्यमा 20 वटा अभ्यास प्रश्न दिइएको छ ।

### शब्दावली

परीक्षामा आउने र नआउने खण्ड दुबैको अन्त्यमा शब्दावली (मुख्य शब्दहरूको सूची र ती शब्दको अर्थ) दिइएको छ ।

### थप जानकारी

यो पुस्तकको अन्त्यमा तपाईं थप जानकारी प्राप्त गर्न कहाँ जान सक्नुहुन्छ भन्ने जानकारी प्राप्त गर्न सक्नुहुन्छ ।

## अष्ट्रेलियाको नागरिकता परीक्षा दौरान सहायता

हामी अष्ट्रेलियाली नागरिक हुन चाहने प्रायजसो व्यक्तिहरूसँग बिना सहयोग यो परीक्षा दिने सक्षारता हुन्छ भन्ने अपेक्षा गर्छौं। तपाईं प्रश्नहरू र उत्तरको विकल्प सुन्न टेक्स्ट-टु-स्पिच (पाठलाई आवाजमा बदल्ने प्रविधि) पनि प्रयोग गर्न सक्नुहुन्छ।

## अष्ट्रेलियन नागरिकता परीक्षापछि

तपाईं यो परीक्षामा उतीर्ण हुनुभयो भने हामी तपाईंको आवेदनलाई अघि बढाउने छौँ। तपाईंको आवेदन स्वीकृत भयो भने तपाईंले नागरिकता समारोहमा सहभागी हुनु पर्ने छ। तपाईं उक्त समारोहमा सहभागी हुने निमन्त्रणा पत्र प्राप्त गर्नु हुने छ। सामान्य अवस्थामा तपाईंको आवेदन स्वीकृत भएको छ महिनाभित्र यो समारोह हुने छ।

# अष्ट्रेलियाको नागरिकताको शपथग्रहण

तपाईं वंशको आधारमा अष्ट्रेलियाको नागरिक बन्नुभएको होस् वा स्वेच्छाले तपाईंले आफ्नो अधिकारहरू र उत्तरदायित्वहरू बुझ्न र नागरिक हुनुको अर्थ के हुन्छ भन्ने कुरा थाहा पाउनु पर्ने हुन्छ। यो कुरा बुझ्नभयो भने मात्र हाम्रो देश सफल हुन सक्छ।

तपाईंले अष्ट्रलियाको नागरिकताको समारोहमा अष्ट्रेलियाली नागरिकताको शपथ लिनु पर्ने छ।

यसको अर्थ हो तपाईं अष्ट्रेलियाप्रति सार्वजनिक प्रतिबद्धता जाहेर गर्दै हुनुहुन्छ र नागरिकताको उत्तरदायित्वहरू र विशेषाधिकार स्वीकार गर्दै हुनुहुन्छ।

तपाईंको शफतमा निम्न कुरा लेखिएको हुन्छ:

*From this time forward, under God,**

*I pledge my loyalty to Australia and its people,*

*whose democratic beliefs I share,*

*whose rights and liberties I respect, and*

*whose laws I will uphold and obey.*

* तपाईं ‘इश्वरलाई (‘under God’) साक्षी राखेर’ प्रयोग नगर्न पनी पाउनुहुने छ।

यो पुस्तिका पढेपछि तपाईं शपथको अर्थ र अष्ट्रेलियाली समाजमा कसरी अझै बढी योगदान दिन सक्नुहुने छ भन्ने कुरा थाह पाउनुहुने छ।



# अष्ट्रेलियाको नागरिकता समारोह

अष्ट्रेलियाको नागरिकता समारोह सानो वा ठूलो हुन सक्छ । यो समारोहमा केही मान्छे मात्र सहभागी हुन सक्छन् । कहिलेकाहीँ यो समारोहमा हजारौँ मान्छे पनि सहभागी हुन सक्छन् । नयाँ नागरिक र अधिकारीहरूमा रहेको भावनात्मक गहिराइ र गौरवको बोधले यो समारोहलाई उत्साहजनक र मोहक बनाउँछ ।

नागरिकता समारोहको शुरूमा तपाईंलाई तपाईंको क्षेत्रको भूमिका परम्परागत मालिकका रूपमा रहेका आदिवासी वा टोरेस स्ट्रेट आइल्याण्डरका प्रतिनिधिहरूले तपाईंलाई स्वागत गर्न सक्छ । आदिवासी अष्ट्रेलियालीहरूले हजारौँ वर्षदेखि 'यो देशमा स्वागत छ' नामक प्रोटोकलको अभ्यास गर्दै आइरहेका छन् । उक्त सहारोहमा तपाईं स्थानीय नेता वा सरकारी प्रतिनिधिहरूबाट स्वागत मन्तव्य र प्रोत्साहक भाषाण पनि सुन्न सक्नुहुने छ ।

तपाईं र अष्ट्रेलियाली नागरिक बन्न चाहने अरू व्यक्तिहरू समूहिक रूपमा अष्ट्रेलियाली नागरिकता सफत पढ्नु हुने छ । यो नै समारोहको सबैभन्दा महत्वपूर्ण भाग हो । अष्ट्रेलिया प्रति प्रतिबद्धताको शपथ नखाएसम्म तपाईं अष्ट्रेलियाको नागरिक हुनुहुने छैन।

तपाईं कुनै पवित्र पुस्तक वा धर्मग्रन्थलाई साक्षी राखेर पनि सफल ग्रहण गर्न सक्नु हुन्छ । तर तपाईंले यसो गर्नै पर्छ भन्ने छैन ।

तपाईंको समुदायका नेता वा सरकारी प्रतिनिधिहरूले नागरिकताको अर्थको बारेमा छोटो भाषण पनि गर्ने छन् । तपाईंले अष्ट्रेलियाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नुहुने छ । समुदायले तपाईंलाई एउटा सानो उपहार पनि दिने सक्ने छ । सबैले अष्ट्रेलियाको राष्ट्रिय गीत 'Advance Australia Fair' गाउँने छन् ।

नागरिकता समारोहपछि तपाईं अरू अष्ट्रेलियालीहरूलाई भेट्ने र उनीहरूसँग खुशियाली मनाउने अवसर पाउनु हुने छ ।

हामी तपाईंलाई अष्ट्रेलियाको नागरिक बन्न सक्नुहोस् भन्ने कामना गर्छौं र शान्त तथा फलदायी जीवन जीउन सफल हुनुहोस भन्ने कामना गर्दछौं ।

## थप जानकारीको लागि

अष्ट्रेलियाली नागरिकताको वेबसाइट www.citizenship.gov.au हेर्नुहोस् ।





# परीक्षामा सोधिने खण्डको सुरुवात



# भाग एक

# अष्ट्रेलिया र यहाका मानिसहरु

# अष्ट्रेलिया र यहाँका मानिसहरु

नागरिकताको समारोहमा तपाईंले आफू अष्ट्रेलिया र यहाँका जनताप्रति वफादार रहने कुराको सफत ग्रहण गर्नु पर्ने छ । अत: तपाईंले अष्ट्रेलियाली समुदाय, जनसंख्या र अष्ट्रेलियाको आदिवासी सम्पदाको बारेमा बुझ्न जरुरी हुन्छ । त्यस्तै, तपाईंले अष्ट्रेलियाको इतिहास र अष्ट्रेलिया कसरी स्थिर र सफल बहुसांस्कृतिक देश बन्न सक्यो भन्ने बारेमा पनि जान्नु पर्ने हुन्छ ।

यो खण्डमा तपाईं हाम्रो गाथामा योगदान दिने केही घटनाहरूको बारेमा पढ्न पाउनु हुने छ । यहाँ हाम्रा राज्य र क्षेत्र तथा हाम्रो पहिचान स्थापित गर्ने परम्परा र संकेतहरूको बारेमा जानकारी दिइएको छ ।

## आदिवासी र टोरस स्ट्रैट आइल्याण्डर पिपुल (the Aboriginal and Torres Strait Islander people)

अष्ट्रेलियाको पहिलो बासिन्दाहरू आदिवासी र टोरस स्ट्रेट आइल्याण्डरहरू हुन् । उनीहरूको संस्कृति तथा परम्परा संसारको सबैभन्दा पुरानो जीवित संस्कृति र परम्परा हो ।

आदिवासीहरू अष्ट्रेलियाको मुख्य भूमि र टास्मानियाबाट आएका थिए । पुरातात्विक अभिलेखका अनुसार आदिवासीहरू बढीमा 65,000 वर्ष पहिला र घटीमा 40,000 वर्ष पहिला अष्ट्रेलिया आएका थिए । तर आदिवासीहरू भने आफूलाई यो भूमिको सृष्टिसम्बन्धी कथाको केन्द्रमा राख्छन् । उनीहरूको सृष्टिको कथा समय सुरु भएको बेलादेखि सुरु हुन्छ । टोरेस स्ट्रेट आइल्याण्डरहरू क्विन्सल्याण्डको उत्तरी भाग र पपुवा न्यु गिनीको बीचमा रहेको टापूबाट आएका हुन् ।

आदिवासी र टोरस स्ट्रैट आइल्याण्डरहरूमा अझै पनि प्राचीन आस्था र परम्पराहरू छन् जसले उनीहरूलाई अझै पनि निर्देशित गर्छ । उनीहरूको जमिनसँग गहिरो सम्बन्ध छ । यो सम्बन्धी उनीहरूको कथा, कला र नृत्यमा झल्किन्छ । आदिवासी संस्कृति विविधतापूर्ण छ । वास्तवमा आदिवासी संस्कृति अष्ट्रेलियाली राष्ट्रिय पहिचानको महत्वपूर्ण हिस्सा हो ।

आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरूसम्बन्धी थप जानकारी *भाग 5, आजको अष्ट्रेलिया* र *भाग 6, हाम्रो अष्ट्रेलियाली गाथा*मा भेट्न सकिन्छ ।

## युरोपेली आप्रवासीहरूका सुरुका दिनहरू

बेलायतबाट सन् 1788 जनवरी 26 मा पहिलो जहाज ('First Fleet') को रूपमा चिनिने पहिलो 11 कैदीहरूको जहाज जब आइपुगेको थियो त्यहाँ देखि यूरोपबासीहरूको आप्रवास शुरू भएको हो।

त्यस बेला बेलायती कानून एकदमै कडा भएकोले र एकदमै धेरै संख्यामा अत्याचारको भएका कारण कैदीहरू झ्यालखानामा नै नअट्ने भएको थियो। त्यस समस्याको समाधान गर्नको लागि, बेलायती सरकारले उक्त अपराधीहरूलाई संसार कै अर्को नयाँ उपनिवेश स्थान न्यू साउथ वेल्स (New South Wales) मा पठाउने निर्णय गरेका थिए।

कप्तान आर्थर फिलिप न्यू साउथ वेल्स उपनिवेशवादका राज्यपाल थिए। उपनिवेश सफल भयो र थप अपराधी र स्वतन्त्र अधिवासीहरू आइपुगेपछि यहाँ विकास बृद्धि भयो। देशका अन्य भागहरूमा थप उपनिवेशहरूको स्थापना भयो ।

शुरूका स्वतन्त्र अधिवासीहरू बेलायत र आयरल्यान्डबाट आएका थिए । अष्ट्रेलियाको इतिहासमा, रीतिरिवाज र राजनीतिक स्थापनाकालमा यी बेलायती र आयरल्यान्डबासीहरूको मुख्य प्रभाव रहेको छ ।

सन् 1851 मा न्यू साउथ वेल्स र भिक्टोरिया उपनिवेशहरूमा सुन फेला परेपछि 'सुनको दौड' सुरु भयो । संसार भरी का मानिसहरू यी उपनिवेशहरूमा आफूलाई भाग्य शाली बनाउनुको लागि ओइरेका थिए। यूरोप बाहेक अर्को ठूलो समूहमा आइपुग्ने आप्रवासीहरूमा चीनका थिए। 10 वर्षमा नै जनसङ्ख्या दोब्बर भन्दाबढी भएको थियो।



# अष्ट्रेलिया राष्ट्र

सन् 1901 मा, उपनिवेशहरूमा एकिकृत भएर एउटा महासंघीय अष्ट्रेलिया राष्ट्रमण्डल (Commonwealth of Australia)मा परिणत भयो। यही समयमा नयाँ संविधानअनुसार हाम्रो राष्ट्रिय संसद, सरकार र उच्च अदालत जस्ता हाम्रा प्रजातान्त्रिक संस्थाको स्थापना भयो। 1901 मा अष्ट्रेलियाको जनसङ्ख्या करिब चालिस लाख थियो। यसमा आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरका जनता समावेश थिएनन्। 1967 मा भएको जनमत संग्रहपछि मात्र उनीहरूलाई अष्ट्रेलियाली जनसंख्यामा समावेश गरिको हो।

वीसौ शताब्दीको सुरुका दशकमा आप्रवासीहरूको संख्या थपघट भयो। बेलायती आप्रवासीहरूलाई बसाइ सर्न प्रोत्साहित गर्ने कार्यक्रमहरू चलाइएको थियो। परिणाम स्वरूप, धेरै बेलायतीहरू बसाइ सरेर अष्ट्रेलिया आए।

दोश्रो विश्वयुद्धपछि यूरोपका जब दशौं लाख मानिसहरू आफ्नो मातृभूमि छोड्न बाध्य भएका थिए, त्यस बेला बेलायतीको अलवा अन्य देशहरूबाट बसाईं सरेर आउनेहरूको घुइँचो लाग्यो। ठूलो संख्यामा नयाँ जीवनको शुरूवातको लागि अष्ट्रेलिया आएका थिए।

विगतका केहीवर्ष यता, हाम्रो आप्रवास तथा शरणार्थी योजना अन्तर्गत अष्ट्रेलियामा संसार भरबाट मानिसहरू ल्याइएको छ। मानिसहरू यहाँ परिवारसँग बस्न, नयाँ देशमा नयाँ जीवन बनाउन, वा गरिवी, युद्ध वा सजायँबाट उम्किन अष्ट्रेलिया आएका छन्।


विगत दुई शताब्दीमा अष्ट्रेलियाको विवधता बढेको छ। एकातिर हामी विविधताको उत्सव मनाउँछौं भने अर्को तिर हामी मजबुत र एकीकृत राष्ट्र निर्माणमा पनि कटिबद्ध छौं।

अष्ट्रेलियाको राष्ट्रिय भाषा अंग्रेजी हो। यो हाम्रो राष्ट्रियताको प्रतीक हो। आप्रवासीहरूले अंग्रेजी सिक्नु पर्ने हुन्छ। यसले उनीहरूलाई अष्ट्रेलियाली समाजमा सहभागी हुन सहज बनाउँछ। अष्ट्रेलियामा, कामगर्न र बसाइलाई उपलब्धि मूलक बनाउनुको लागि अंग्रेजीमा संवाद गर्नु महत्वपूर्ण छ।

100 वटा पृथक आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरूका भाषा लगायतका अन्य भाषाहरूको पनि सम्मान गरिन्छ।

# अष्ट्रेलियाको राज्य र प्रदेशहरू


अष्ट्रेलिया राष्ट्रमण्डल (Commonwealth of Australia)राज्य र प्रदेशहरूको महासंघ हो। यहाँ छ राज्यहरू छन् र दुई मुख्यभूमिका प्रदेशहरू छन्। क्यान्वेरा अष्ट्रेलियाको राजधानी शहर हो, र हरेक राज्य र मुख्य भूमिका प्रदेशहरूको आ-आफ्नै सदरमकाम छन् ।




| राज्य | राजधानी शहर |
|---|---|
| New South Wales (NSW) | Sydney |
| Victoria (Vic.) | Melbourne |
| Queensland (Qld) | Brisbane |
| Western Australia (WA) | Perth |
| South Australia (SA) | Adelaide |
| Tasmania (Tas.) | Hobart |
| **प्रदेशहरू** | **राजधानी शहर** |
| Australian Capital Territory (ACT) | Canberra |
| Northern Territory (NT) | Darwin |

# राज्यहरू


बेलायतीहरूले स्थापना गरेको उपनिवेशहरूमा न्यू **साउथ वेल्सपहिलो** (New South Wales) हो । सिड्नी न्यू साउथ वेल्सको सदरमुकाम शहर यो देशकै ठूलो शहर हो । हार्वर बृज र ओपेरा हाउस सिड्नीको प्रतिमा हो ।



**मुख्य** भूमिको राज्यहरूमा **भिक्टोरिया** (Victoria)सबै भन्दा सानो राज्य हो। भिक्टोरियासदरमुकाम मलेवर्न हो । भिक्टोरियाको धरे जसो राम्रा भवनहरू गोल्डरस कालको सम्पत्तिबाट सन् 1850 ताकातिर निर्माण भएको हो। भिक्टोरियामा मेलवर्न क्रिकेट ग्राउन्ड, 12 एपोस्टल, रोएल एक्जिबिसन विल्डिङ छन् ।



**क्विन्सल्याण्ड** (Queensland)दोश्रो ठूलो राज्य हो । क्विन्सल्याण्डसदरमुकाम ब्रिजवेन हो। टोरेस स्ट्रेटस आईल्याण्ड (Torres Strait Islands) हरू राज्यको उत्तरी भागमा पर्छन् । विश्वमै प्रख्यात ग्रेट बेरिएर रिफ (Great Barrier Reef)पूर्वी तटवर्ती भाग भएर गएको छ। क्विन्सल्याण्डमा उष्णप्रदेशीय वर्षावन, समसशितोष्ण तटीय क्षेत्र र सामन्यतया सुखा रहने अन्तर्देशीय भूमि (inland) छन् ।



**वेस्टर्न अष्ट्रेलिया** (Western Australia) सबैभन्दा ठूलो राज्य हो। वेस्टर्न अष्ट्रेलियाको राजधानी पर्थ हो । राज्य को पूर्वी भागमा प्रायजसो मरूभूमि छ, दक्षिण-पश्चिम मा भने धनी कृषि र वाईन उत्पादन क्षेत्र छन्। यो राज्य धेरै ठूला ठूला खानी योजनाहरूको घर हो। वेस्टर्न अष्ट्रेलियाका चर्चित कुराहरूमा निन्गालो कोस्ट, मार्गरिट नदी र किम्बर्ली क्षेत्र पर्छन् ।



**साउथ अष्ट्रेलिया** (South Australia) मा पाखीलो तटवर्ती इलाकाहरू र धेरै प्रख्यात वाइन क्षेत्रहरू छन्। सदरमुकाम एडिलडेमा उपनिवेशवादका भवन निर्माण कलाहरूको उदाहरण छन्। साउथ अष्ट्रेलियाका चर्चित क्षेत्रहरूमा बारोसा उपत्यका र फ्लिन्डर रेन्ज आदि पर्छन् ।




**तासमानिया** (Tasmania) सबै भन्दा सानो राज्य हो । यसलाई बास स्ट्रेटले मुख्य भूमिबाट छुट्याएको छ । तासमानियाको राजधानी होबार्ट हो । यो टापू अद्वितीय वन क्षेत्रले घेरिएको छ । तासमानिया पर्ने चर्चित क्षेत्रहरूमा क्र्याडल माउन्टेन, पोर्ट अर्थर र बे अफ फायर्स पर्छन् ।



# प्रदेशहरू

**अष्ट्रेलियन क्यापिटल टेरिटोरी** (Australian Capital Territory) सिड्नी र मेलवर्न को बीचमा अवस्थित छ । यो देशको राजधानीको प्रदेश क्यान्वेरा हो। क्यान्वेरा राष्ट्रीय संस्थानहरूको, जस्ते संसद भवन र आँष्ट्रेलियाको सर्वोच्च अदालतको घर हो ।



**नर्दन टेरिटोरी** (Northern Territory) को उत्तरमा उष्ण (गरम) छ र दक्षिणमा रातो माटो मरुभूमी छ । ड्राउन यसको राजधानी हो । नर्दन टेरिटोरीमा उलुरु, काटा ज्युटा (Kata Tjuta) र किङ्ग्ज केनोन जस्ता चर्चित स्थलहरू छन् ।





# परम्पराहरू

## देशमा स्वागत (Welcome to Country) तथा देशको प्रोटोकलको स्वीकारोक्ति

देशमा स्वागत नामक सांस्कृतिक कार्यक्रम स्थानीय क्षेत्रका आदिवासी वा टोरेस स्ट्रेट आइल्याण्डरको संरक्षकले गर्छन् । यो कार्यक्रमको उद्देश्य आगन्तुकहरूलाई आफ्नो पुर्खौली भूमिका स्वागत गर्नु हो । त्यस्तै, यो कार्यक्रम आगन्तुकहरूलाई यात्रा दौरान सुरक्षित र संरक्षित महसुस गराउन प्राचीन कालदेखि गर्दै आएको छ ।

देशमा स्वागत कार्यक्रममा सांगीतिक कार्यक्रम (गीत, नृत्य), धूम्रपान उत्सव र परम्परागत भाषा वा अंग्रेजीमा गरिने भाषण समावेश हुन्छ ।

देशमा स्वागत नामक कार्यक्रम गरेर मात्र कुनै कार्यक्रमको सुरुवात हुन्छ ।

देशको स्वीकारोक्ति नामक भाषण भेला आदिवासी वा टोरेस स्ट्रेट आइल्याण्डरहरूको भूमिमा भएको स्वीकार गर्ने; परम्परागत संरक्षकलाई (विशेष गरी एल्डरहरूको विगत र वर्तमानलाई) सम्मान गर्ने र सहभागी आदिवासरी र टोरेस स्ट्रेट आइल्यान्डरहरूलाई सम्मान गर्ने अवसर प्रदान गर्छ ।

देशको स्वीकारोक्ति भाषण बैठक वा कार्यक्रम दौरान स्वागत मन्तव्य गर्दा गरिन्छ । यो भाषण जो कोही पनि गर्न पाउँछ । तर सामान्यतया बैठक वा कार्यक्रमका सभापति वा मुख्य व्यक्तिले यो भाषण गर्ने गर्छन् ।

यी अभ्यासहरू आदिवासी र टोरस स्ट्रैट आइल्याण्डरप्रति सम्मान दर्शाउन गर्ने गरिन्छ ।



# अष्ट्रेलियाबासीहरूको लागि महत्वपूर्ण दिनहरू

## अष्ट्रेलिया दिवस

हरेक वर्षको 26 जनवरीका दिन, हामी अष्ट्रेलिया दिवस मनाउँदछौँ। अष्ट्रेलिया दिवसको दिन हरेक राज्य र प्रदेशमा सावर्जनिक बिदा हुन्छ। 1788 मा ठ्याक्कै यही दिन बेलायतबाट फ्रस्ट फ्लिट अष्ट्रेलिया आइपुगेको थियो।

अष्ट्रेलिया दिवसको दिन अष्ट्रेलियाका समुदायहरू हाम्रो इतिहास र देश निर्माण गर्ने सबै व्यक्तिहरूको स्मरण गर्छौं। यो अष्ट्रेलियाको सबैभन्दा ठूलो र भव्य सार्वजनिक बिदाको दिन हो।

यो दिनमा हालको अष्ट्रेलिया निर्माण गर्न योगदान गर्ने सबै जनाको योगदान स्मरण गर्ने र कदर गर्ने काम गरिन्छ: यस दिन हामी लगभग 65,000 वर्ष पहिलादेखि बसोबास गरिरहेका आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरदेखि लिएर यहाँ पुस्तौँदेखि बसोबास गरिरहेका व्यक्ति र संसारका विभिन्न कुनाबाट यहाँ आएर यो देशको नागरिक भएका व्यक्तिहरूको स्मरण गर्दै उनीहरूको योगदानको कदर गर्छौं। अष्ट्रेलिया दिवसमा देशभरि कार्यक्रमहरू तथा विशेष नागरिकता समारोहहरू आयोजना गरिन्छ।

अष्ट्रेलिया दिवसको समारोह दौरान क्यान्वेरामा प्रधानमन्त्री द्वाराअष्ट्रेलयन अफ दि ईएर (Australian of the year) घोषणा गरिन्छ।

## एनज्याक दिवस

एन्ज्याक दिवस २५ अप्रिलमा मनाइन्छ। एन्ज्याक दिवस अष्ट्रेलिया र न्युजिल्यान्ड आर्मी कोर्पस् (Australia and new Zealand Army Corps) जुन सन् १९९५ अप्रिल २५ का दिन टर्किएको गालिपोलिमा उत्रिएको सम्झनामा दिएको नाम हो।

एन्ज्याक दिवसमा युद्धमा, झैझगडामा र शान्ति कायम गर्ने क्रममा मरेका अष्ट्रेलियाबासीहरूको सम्झनामा विधिपूर्वक मनाइने दिन हो। यस दिनमा हामी सबै महिला र पुरुषको साहस र प्रतिबद्धताको सम्मान गर्दै युद्दका विभिन्न अर्थहरूको बारेमा विमर्श गर्छौं।

अन्य महत्वपूर्ण राष्ट्रिय दिवसको र समारोहहरूको बारेमा थप जानकारीहरू भाग 5, आजको अष्ट्रेलियामा पाइन्छ।

# अष्ट्रेलियाको झण्डा

अष्ट्रेलियाली राष्ट्रिय झण्डा हाम्रो देशको राष्ट्रिय झण्डा हो । अन्य झण्डाहरूलाई पनि औपचारिक रूपमा पहिचान गरिएको छ । ती झण्डाहरूमा अष्ट्रेलियाली आदिवासीहरूको झण्डा र टोरेस स्ट्रेटस आईल्याण्ड बासीहरूको झण्डा पर्छन् ।

हरेक राज्य र प्रदेशको पनि आ-आफ्नै झण्डा छन् । यो पाना 11 मा पाउन सक्नुहुनेछ ।

## अष्ट्रेलियाको राष्ट्रिय झण्डा

अष्ट्रेलियाको राष्ट्रिय झण्डा नीलो, सेतो र रातो छ।

- यो झण्डाको माथिल्लो भागको देब्रे कुनामा बेलायती झण्डा 'युनियन ज्याक' हुन्छ । यसले बेलायती आप्रवास र यो आप्रवासको परिणामस्वरूप हामीले ग्रहण गरेका कानुन तथा संस्थाहरूको प्रतिनिधित्व गर्छ ।
- युनियन ज्याक मुनि कमनवेल्थको तारा हुन्छ । यो ताराको सात चुच्चाहरू छन्। जसले छ राज्यहरूमा हरेक लाई सङ्केत गर्ने र एउटा प्रदेशलाई सङ्केत गरेको छ।
- बायाँ पट्टी साउदन क्रस (The Southern Cross) मा देखिने दक्षिणी आकाशमा एउटा तारापुञ्जको समूह हो।



## अष्ट्रेलियाको आदिवासीहरूको झण्डा

अष्ट्रेलियाको आदिवासीहरूको झण्डामा कालो, रातो र पहेलो छ।

- माथिल्लो आधा भागको कालोले अष्ट्रेलियाको आदिवासी मानिसहरूको प्रतिनिधित्व गर्दछ।
- तल्लो आधा भाग रातो छ र जसले जमिन संगको पृथ्वी र आध्यात्मिकता देखाउँछ ।
- पहेलो घुमाउरोले सूर्यको प्रतिनिधित्व गर्दछ ।



## टोरस स्ट्रेट आइल्याण्डबासीहरूको झण्डा

टोरस स्ट्रेट आइल्याण्डबासीहरूको झण्डा हरियो, नीलो, कालो र सेतो छ।

- हरियो धर्काले भूमिको प्रतिनिधित्व गर्दछ।
- बीचको नीलो पट्टिकाले समन्द्रको प्रतिनिधित्व गर्दछ।
- कालो धर्काले टोरस स्ट्रेट आइल्याण्डबासीहरूको प्रतिनिधित्व गर्दछ।
- बीचको सेतो नर्तकीको टाउको को लुगाले सबै टोरस स्ट्रेट आइसल्याण्ड बासीहरूको प्रतिक हो।
- सेतो ताराको संकेतहरूले टोरस स्ट्रेट टापुहरूको समूहको प्रतिनिधित्व गर्दछ र सेतो रंगले शान्ति जनाउँछ ।



# अष्ट्रेलियाको प्रतिकहरू

## कमनवेल्थ कोट अफ आर्मस् (Commonwealth Coat of Arms)

कमनवेल्थ कोट अफ आर्मस् (Commonwealth Coat of Arms) अष्ट्रेलियाको आधिकारिक प्रतिक हो। यसले हाम्रो राष्ट्रिय एकिकृतिको प्रतिनिधित्व गदर्छ । यसले कमनवेल्थ अष्ट्रेलियाको सम्पत्ति र अख्तियार को पहिचान गदर्छ ।

- केन्द्रको ढालले छ राज्यहरूको र गणतन्त्रको प्रतिनिधित्व गर्दछ ।
- एउटा कंगारु र एउटा यमुले ढाललाई दवै छेउमा थामको छ। दुबै जीव अष्ट्रेलियाका रेथाने जीव हुन् ।
- एउटा सुनौलो कमनवेल्थ तारा ढालको माथि अवस्थित छ ।
- पृष्ठभूमिमा अष्ट्रेलियाको राष्ट्रिय फूल गोल्डन वाटल छ।




## अष्ट्रेलियाको राष्ट्रिय फूल

अष्ट्रेलियाको राष्ट्रिय फलू गोल्डन वाटल हो। यो सानो रूख मख्यता दक्षिण - पूर्वी अष्ट्रेलियामा पाइन्छ। यसको उज्यालो हरियो पात हन्छ र वसन्त ऋतमा धैरै सुनौलो पहेलो फूलहरु फुल्छन् । अष्ट्रेलियाको राज्यहरू र प्रदेशहरूको आ-आफ्नै फूलका प्रतिक छन् ।



## अष्ट्रेलियाको राष्ट्रिय रंगहरू

गोल्डन वाटलको रंग हरियो र सुनौलो अष्ट्रेलियाको राष्ट्रिय रंग हरू हो। हाम्रो राष्ट्रिय खेलकुद समुह को पोशाकहरू प्रायजसो हरियो र सुनौलो हुन्छ।





## अष्ट्रेलियाको राष्ट्रिय बहुमूल्य पत्थर

मोती (opal)अष्ट्रेलियाको राष्ट्रिय बहुमुल्य पत्थर हो। अवोरिजिनल दन्त्यकथा अनुसार एउटा इन्द्रेणीले पथ्वीमा छोएपछि मोतीको रंग पैदा भएको हो।



# अष्ट्रेलियाको राष्ट्रिय गीत

अष्ट्रेलियाको राष्ट्रिय गीत Advance Australian Fair अष्ट्रेलियाको राष्ट्रिय गीत हो । यो राष्ट्रिय समारोहहरूका अवसरमा गाइन्छ। यो अष्ट्रेलियाको नागरिकता वितरण समारोहमा, मुख्य खेलकुद समारोहमा र विद्यालयमा पनि गाइन्छ।

## Advance Australia Fair

*Australians all let us rejoice,*
*For we are one and free;*
*We've golden soil and wealth for toil;*
*Our home is girt by sea;*
*Our land abounds in nature's gifts*
*Of beauty rich and rare;*
*In history's page, let every stage*
*Advance Australia Fair.*
*In joyful strains then let us sing,*
*Advance Australia Fair.*

*Beneath our radiant Southern Cross*
*We'll toil with hearts and hands;*
*To make this Commonwealth of ours*
*Renowned of all the lands;*
*For those who've come across the seas*
*We've boundless plains to share;*
*With courage let us all combine*
*To Advance Australia Fair.*
*In joyful strains then let us sing,*
*Advance Australia Fair.*



# भाग दुई

# अष्ट्रेलियाको प्रजातान्त्रिक विश्वास, अधिकार र स्वतन्त्रताहरू

# अष्ट्रेलियाको प्रजातान्त्रिक विश्वास, अधिकार र स्वतन्त्रताहरू

नागरिकताको समारोहमा, तपाईंले अष्ट्रेलियाको प्रजातान्त्रिक विश्वास बाँड्नुहुनेछ र अधिकार र अष्ट्रेलियाका मानिसहरूको स्वतन्त्रता प्रति सम्मान देखाउनु हुनेछ भनि शपथ गहृण गर्नु भएको छ। तपाईंले अष्ट्रेलियाली प्रजातान्त्रिक आस्था र सबै अष्ट्रेलियालिहरूका अधिकार तथा स्वतन्त्रताहरू बुझ्न पर्ने हुन्छ ।

पुस्तकको यो खण्डमा ती आस्था, अधिकार र स्वतन्त्रताको बारेमा जानकारी दिइएको छ । थप जानकारीको लागि *भाग 4 - अष्ट्रेलियाली मूल्य मान्यताहरू* हेर्नुहोस् ।

## हाम्रो प्रजातन्त्रिक विश्वास

### संसदीय प्रजातन्त्र

अष्ट्रेलियाको सरकार प्रणाली ससंदीय प्रजातन्त्र हो। यो प्रणालीमा सरकारको शक्ति अष्ट्रेलियन जनताहरू बाट आउँदछ किनकी अष्ट्रेलियन जनताहरूले उनिहरूको सांसदहरू (जन-प्रतिनिधीहरू) मतदानद्वारा छनौट गर्दछन्। सांसदहरूले चुनावद्वारा, उनिहरूले गर्ने निर्णयको जवाफ जनतालाई दिनु पर्दछ ।

### कानुनका नियमहरू

कानुनले सबै अष्ट्रेलियालीहरूलाई समान रूपले हेर्छ । कानुनी शासनमा कुनै व्यक्ति वा समूह वा धार्मिक नियम कानुनभन्दा माथि हुँदैन । शक्तिमा रहेका व्यक्ति लगायतका सबै व्यक्तिले कानुनको पालना गर्नु पर्छ । सरकार, समुदाय र धार्मिक नेता तथा व्यवसायी र प्रहरी सबैले पनि कानुनको पालना गर्नु पर्छ ।

### शान्तिपूर्वक बस्ने

हामी स्थायी प्रणालीको सरकार का साथै शान्तिपूर्ण देशमा बस्न पाउँदा गौरव छौ । हामी छलफलद्वारा, शान्तिपूर्ण मेलमिलाप र प्रजातन्त्रिक पद्धति द्वारा परिवर्तन ल्याउनु कुरामा विश्वास गर्दछौ । हामी हिंसाको प्रयोग गरेर कुनै व्यक्तिको मनस्थिति वा कानुनको पालना गर्नु हुँदैन भन्ने कुरामा विश्वास गर्छौं ।

### पष्ठभूमिको ख्याल नगरिकन सबै जनालाई सम्मान गर्ने

अष्ट्रेलियाली प्रजातान्त्रिक प्रणाली अष्ट्रेलियाली कानुनअनुसार सबै पृष्ठभूमिका व्यक्तिहरूसँग समान अधिकार र समानता हुन्छ भन्ने सिद्धान्तमा आधारित छ । सबै अष्ट्रेलियनहरूले एक आपसमा वर्ग, कुन देशबाट आएको हो त्यसको आधारमा, लिङ्ग, लैंगिक अभिरूचि, वैवाहिक स्थिति, उमेर , असक्तता, परम्परा, रितिरिवाज, राजनीति, सम्पति वा धर्म को वास्ता नगरिकन सदभाव र सम्मान गर्ने आशा गरिन्छ।



# हाम्रो स्वतन्त्रता

## वाक स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रता

अभिव्यक्ति स्वतन्त्रता अष्ट्रेलियाको केन्द्रिय मूल्य हो । यही मूल्यले हाम्रो प्रजातान्त्रिक प्रणालीलाई टेवा दिन्छ ।वाक स्वतन्त्रताले सबै जनाले आफूले सोचेको बोल्न वा लेख्न पाउने र छलफलमा आफ्नो राय राख्न पाउने अवस्थालाई जनाउँछ । उदाहरणको लागि, मान्छेहरू अष्ट्रेलियाली कानुनको उल्लंघन नगरी सरकारको आलोचना गर्न, सरकारी निर्णयको बिरूद्ध शान्ति पूर्ण बिरोध प्रदर्शन र कानून परिवर्तको लागि अभियान चलाउन सक्छन् ।

अभिव्यक्ति स्वतन्त्रताले कला, फिल्म, संगीत र साहित्वको माध्यमबाट आफ्नो दृष्टिकोण राख्न पाउने अधिकार सुनिश्चित गर्छ । मान्छेहरू सामाजिक र राजनैतिक छलफल गर्न सार्वजनिक र निजी रूपमा भेटघाट गर्न स्वतन्त्र हुन्छ ।

तर वाक स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्दा हरदम अष्ट्रेलियाली कानुनको पालना गरिनु पर्छ । हामीले अरूको वाक स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको पनि सम्मान गर्नु पर्दछ।

## संघ संस्था खोल्ने अधिकार

संघ संस्था खोल्ने अधिकारले साझा उद्देश्य प्राप्त गर्न संस्था खोल्ने वा संस्थामा सहभागी हुने अधिकार प्रदान गर्छ । उदाहरणको लागि अष्ट्रेलियाबासीहरू कुनैपनि कानूनी संघ संस्था, जस्तै राजनीतिक पार्टी, व्यापारिक यूनियन, धर्म, चालचलन वा सामाजिक समूहमा संलग्न हुन स्वतन्त्र छन्। (मानिसहरू संलग्न नहुनको लागि पनि निर्णय गर्न सक्दछन्। उनीहरूलाई संलग्न हुन बाध्य पार्न सकिँदैन ।)

अष्ट्रेलियनहरू अरूहरू संग जमघट भई सरकारी कार्य वा संस्थाको कार्यमा बिरोध प्रदर्शन गर्न सक्दछन्। तर यो स्वतन्त्रताको अभ्यास गर्दा हरदम अष्ट्रेलियाली कानुनको पालना गरिनु पर्छ । यसको मतलव तिनितहरू शान्तिपूर्ण, र कुनै पनि व्यक्ति वा सम्पतिलाई हानी नपुग्ने हुनु पर्दछ।

## धार्मिक स्वतन्त्रता

अष्ट्रेलियनहरूको पुर्खा जुडो क्रिस्चियन थिए । धैरै अष्ट्रेलियालीहरू क्रिस्चियन धर्म मान्छन् । तर अष्ट्रेलियामा सबै धर्मका नागरिक छन् । अष्ट्रेलियामा गुड फ्राइडे, इस्टर सन्डे र क्रिसमास जस्ता क्रिस्चियन अवसरमा बिदा हुन्छ ।

सरकार र कानुनले सबै धर्म वा आस्थाका जनतासँग समान व्यवहार गर्छ । अष्ट्रेलियाको सरकार धर्म निरपेक्ष छ । यसको अर्थ हो यो चर्च वा अन्य धार्मिक संस्थाहरू भन्दा पृथक तरिकाले सञ्चालित हुन्छ । अष्ट्रेलियाको राष्ट्रिय धर्म छैन । अष्ट्रेलियाका नागरिकहरू आफ्नो धर्म मान्न स्वतन्त्र हुन्छन् । अथवा उनीहरू कुनै धर्म नमान्न पनि पाउँछन् ।

तर धार्मिक अभ्यास गर्दा हरदम अष्ट्रेलियाली कानुनको पालना गरिनु पर्छ । अष्ट्रेलियाली कानुन र धार्मिक कानुन बाझिएमा अष्ट्रेलियाली कानुनलाई मान्यता दिइने छ ।

# हाम्रा समानता

लिंग, भेद, असक्तता वा उमेरको कारणले कुनैपनि व्यक्तिलाई अर्को भन्दा फरक व्यवहार गर्नबाट बञ्चित गर्ने अष्ट्रेलियामा थुप्रै कानूनहरू अवस्थित छन्।

## लैंगिक समानता

महिला र पुरूषको अष्ट्रेलियामा समान अधिकार छ। लिंगका कारण कुनै पनि व्यक्तिलाई भेदभाव गर्नु कानूनको विरूद्ध हो।

## समान अवसर र 'न्यायोचित अवसर'

अष्ट्रेलियाली समाजमा समान अवसर दिइन्छ । यो अभ्यासलाई 'न्यायोचित अवसर' भनिन्छ । यसको मतलव कसैले पनि आफ्नो जीवनमा जे प्राप्त गर्दछन् त्यो उसको धन र पृष्ठभूमिले भन्दापनि कडा परिश्रम र खुवीले हो। अष्ट्रेलियाली समाजमा वर्ग विभेद नहोस् भन्ने कुरा सुनिश्चित गर्न यसो गरिएको हो ।

# अष्ट्रेलियन नागरिकको उत्तरदायित्व र विशेषाधिकारहरू

अष्ट्रेलियाली नागरिक बनेपछि तपाईंले अतिरिक्त उत्तरदायित्वहरू बहन गर्नु पर्ने हुन्छ । त्यस्तै, तपाईं नागरिकताका फाइदा पनि प्राप्त गर्न सक्नुहुने छ ।

## उत्तरदायित्व- तपाईंले अष्ट्रेलियालाई दिने कुराहरू

अष्ट्रेलियन नागरिकको नाताले, तपाईंले गर्नै पर्ने कुराहरूः

- कानूनको पालना गर्ने
- संघियए राज्य र प्रदेशको चुनावमा र जनमत संग्रहमा भोट खसाल्ने
- आवश्यक परेको खण्डमा अष्ट्रेलियालाई रक्षा गर्ने
- यदि बोलाएको खण्डमा जुरीका लगि उपस्थित हुने

## फाइदाहरू- अष्ट्रेलियाले तपाईंलाई दिने कुराहरू

अष्ट्रेलियन नागरिकको नाताले तपाईं निम्न फाइदा प्राप्त गर्न सक्नु हुने छः

- संघिय राज्य र प्रदेशको चुनावमा र जनमत संग्रहमा भोट खसाल्ने
- वंशजको आधारमा अष्ट्रेलियाको नागरिकको विदेशमा जन्मेको बालबालिका को दर्ता गर्न पाउने
- अष्ट्रेलियाको सार्वजनिक सेवाको कामको लागि निवेदन गर्न वा रक्षा शक्तिमा भर्ती हुन पाउने
- संसदीय चुनावको माग गर्न पाउने
- राहादानीको निवेदन गर्न पाउने र अष्ट्रेलियामा स्वतन्त्र रूपने पुनरू प्रवेश गर्न पाउने
- विदेशमा भएको बेला अष्ट्रेलियाको पदाधिकारीहरूबाट सहयोग पाउन सक्ने




## उत्तरदायित्वहरू

### अष्ट्रेलियाली कानूनको पालना गर्ने

हाम्रो अधिकारको संरक्षण, व्यवस्थित, स्वतन्त्र र सुरक्षित समाज कायम गर्नको लागि सरकारमा रहेका जनप्रतिनिधिहरूले कानून बनाउँदछन्। अष्ट्रेलियाली कानूनहरू सबै अष्ट्रेलियाबासीहरूले पालन गर्नु पर्दछ ।

अष्ट्रेलियाको केहि महत्वपूर्ण कानूनहरूको बारेमा थप जानकारी *भाग3, अष्ट्रेलियाको कानून र सरकार* खण्डमा पाउन सकिन्छ।

### संघिय राज्य र प्रदेशको चुनावमा र जनमत संग्रहमा भोट खसाल्ने

भोट खसाल्न पाउनु भनेको 18 वर्ष वा सोभन्दा बढी उमेरका अष्ट्रेलियाली नागरिकसँग भएको महत्वपूर्ण उत्तरदायित्व, अधिकार र अवसर हो ।

18 वर्ष वा सोभन्दा बढी उमेरका अष्ट्रेलियाली नागरिकले संघीय, राज्य वा क्षेत्रीय चुनाव वा अष्ट्रेलियाली संविधान बदल्न गरिने जनमत संग्रहमा भोट गर्नु पर्ने हुन्छ । यसो गर्नाले देश कसरी चल्नु पर्दछ र अष्ट्रेलियाको भविष्यको लागि के योगदान दिने भन्ने अष्ट्रेलियाली नागरिकको आवाज पुग्दछ।

संघीय, राज्य वा प्रदेशको चुनावमा अनिवार्य रूपले भोट खसाल्नु पर्ने हुन्छ । केहि राज्यहरूमा स्थानीय सरकारको चुनावमा भोट खसाल्नु अनिर्वाय नहुन सक्छ ।

अष्ट्रेलियाको संविधानको बारेमा थप बारेमा थप जानकारी *भाग3 अष्ट्रेलियाको कानून र सरकार* खण्डमा पाउन सकिन्छ।

### आवश्यक परेको खण्डमा अष्ट्रेलियालाई रक्षा गर्ने

अष्ट्रेलियाको रक्षा शक्तिमा सेवा गर्नु आफ्नो ईच्छा भए पनि आवश्यक परेको खण्डमा अष्ट्रेलियाली नागरिकहरूले देशको रक्षा गर्ने जिम्मा लिनु पर्ने हुन्छ । आवश्यक परेको खण्डमा अष्ट्रेलियाको नागरिकहरूले अनिवार्य रूपले एकजुट भई राष्ट्रको रक्षा र यसको जीवन शैलीको रक्षा गर्नु पर्दछ ।

### यदि बोलाएको खण्डमा जुरीका लगि उपस्थित हुने

जुरीमा सहभागी हुन अनुरोध गरिएको अवस्थामा 18 बर्ष वा सो माथिका अष्ट्रेलियन नागरिकहरूले जुरी सेवा प्रदान गर्नु पर्ने हुन्छ । एउटा जुरी भनेको एउटा साधारण महिला पुरूषहरूको समूह हो जसले अदालतको मुद्दामा प्रमाणहरू सुन्दछन् र व्यक्ति दोषी वा निर्दोष निर्णय गर्दछ।

कुनैपनि अष्ट्रेलियन जसको नाम मततालिकामा छ यिनिहरूलाई जुरी सेवाको लागि बोलाउन सक्दछ। जुरी सेवाले अदालतको प्रणाली खुल्ला र स्वतन्त्र बनाउनमा मद्दत गर्दछ।

## विशेषाधिकारहरू

### सार्वजनिक सेवाको कामको लागि निवेदन गर्न वा अष्ट्रेलियाको सक्षा शक्तिमा भर्ती हुन पाउने

अष्ट्रेलियन नागरिकताको फाइदाको रूपमा तपाईं अष्ट्रेलियाको सार्वजनिक सेवामा भर्ति हुन पाउनुहुनेछ र र सर्भिस अष्ट्रेलिया वा अष्ट्रेलियाको कर कार्यालय (Australian Taxation Office) जस्ता संस्थामा काम गरेर अष्ट्रेलियामा सरकारी सेवा सक्नुहुनेछ ।

अष्ट्रेलियन नागरिकहरूले अष्ट्रेलियाको रक्षा शक्तिमा (सेना, जलसेना, वायुसेना) मा निवेदन गर्ने पनि अधिकार छ।

### संसदीय चुनावको माग गर्न पाउने

18 बर्ष पुगेका वा माथिका अष्ट्रेलियन नागरिकहरूले संघीय, राज्य र प्रदेशको संसदमा चुनावको माग गर्न सक्दछ। अष्ट्रेलियाको संसदमा सेवागर्नु गंभीर उत्तरदायित्व र सम्मानिनिय दुवै हो।

### राहादानीको निवेदन गर्न पाउने र अष्ट्रेलियामा स्वतन्त्र रूपने पुनरू प्रवेश गर्न पाउने

जब तपाईं अष्ट्रेलियाली नागरिक बन्नु हुने छ तपाईं अष्ट्रेलियामा स्वतन्त्र रूपमा बस्न पाउनु हुने छ । तपाईं अष्ट्रेलियाको राहदानीको लागि आवेदन दिन पनि सक्नु हुने छ । तपाईंले अष्ट्रेलियाली नागरिकको रूपमा विदेश यात्रा गर्नु भयो भने तपाईं भिसा बिनै अष्ट्रेलिया फर्किन पाउनु हुन्छ ।

### विदेशमा भएको बेला अष्ट्रेलियाको पदाधिकारीहरूबाट सहयोग पाउन सक्ने

धेरै देशहरूमा अष्ट्रेलियाको दुतावास, उच्च नियोग वा वाणिज्य दुतावास अवस्थित छ। तपाईं विदेशमा भएको बेला आवश्यक परेको खण्डमा उक्त अधिकारीहरूबाट सहयोग माग्न सक्नु हुनेछ। यसमा आकस्मिक घटना जस्तै जन आन्दोलन (दंगा) र प्राकृतिक विपत्ति पर्दछन्।

अष्ट्रेलियाली अधिकारीहरूले आकस्मिक राहादानी र विदेशमा अष्ट्रेलियाली नागरिकको दुर्घटना, गम्भीर रोग वा मृत्यु हुँदा उनीहरूलाई परामर्श र सहायता दिन पनि सक्दछन्।

जब तपाईं अर्को देशमा हुनुहुन्छ तपाईंले उक्त देशको कानूनको पालना गर्नु अनिवार्य छ।

### वंशजको आधारमा अष्ट्रेलियाको नागरिकको विदेशमा जन्मेको बालबालिका को दर्ता गर्न पाउने

विदेशमा जन्मिएका अष्ट्रेलियालीहरू वंशजको आधारमा नागरिकता प्राप्त गर्न आवेदन दिन सक्छन् ।

# अष्ट्रेलियाको समाजमा सहभागी हुने

अष्ट्रेलियाले सबै नागरिकहरूलाई समाजमा सहभागी हुनकोलागि प्रोत्साहित गर्दछ। सक्रिय नागरिकहरू अष्ट्रेलियाको भविष्य निर्माण गर्ने उत्तरदायित्व लिने सौभाग्य प्राप्त गर्छन् । उदाहरणको लागि तपाईं छर छिमेकका र स्थानीय समुदायमा भाग लिन, स्वंयम सेवी बनेर सामाजिक वा सामुदायीक काम गर्न, कला वा रितिरिवाज सम्बन्धी संस्थाहरूमा भागलिन र राजनीतिक जीवनमा पनि सकृय भएर लाग्न सक्नुहुनेछ।

अष्ट्रेलियाको समुदायमा प्रत्यक्ष योगदान पुर्याउने अर्को महत्वपूर्ण उपाय कर तिर्नु हो। अनिवार्य रूपले कर तिर्नु पर्ने हुन्छ । चाहे नोकरी, व्यावसाय वा लगानीबाट तपाईंले आर्जन गरेको पैसाबाट कर तिरिन्छ। कर ATO ले संकलन गर्छ । ATO ले सबै नागरिकहरूलाई सहि कर तिर्नको लागि उनिहरूको कर सम्बन्धी अधिकार र दायीत्व को निश्चय गर्दछ।

अष्ट्रेलियनहरूले पाउने गरेको धेरैजसो फाइदाहरू उठेको करबाट सम्भव हुन पुगेको हो। करबाट उठेका पैसाहरू स्वास्थ्य, शिक्षा, सुरक्षा, सडक र रेलवेहरू र सामाजिक सुरक्षा भत्ता जस्ता सेवाहरूमा खर्च गरिन्छ।

काम गरेर कर तिर्नाले तपाईंले अष्ट्रेलियाको समुदायमा यी महत्वपूर्ण सेवाहरू गराउन सरकारलाई मद्दत गर्न सक्नुहुनेछ। राज्य र प्रदेशका सरकारहरू र स्थानीय काउन्सिलहरूले पनि सामाजिक सेवाहरू भुक्तानी गर्न कर उठाउने गर्दछ। यहि सेवाहरूको सहायताबाट आजको शान्ति र सु-सम्पन्न देश अष्ट्रेलिया बनेको छ।



# भाग तीन

# अष्ट्लियामा सरकार र कानन

# अष्ट्रेलियामा सरकार र कानून

नागरिकताको समारोहमा तपाईंले अष्ट्रेलियाको कानून पालन गर्ने र यसको सम्मान गर्छु भनि शपथग्रहण गर्नु भएको छ। अष्ट्रेलियाको सरकार प्रणाली ससंदीय प्रजातन्त्र हो । तपाईंले अष्ट्रेलियाको सरकारी प्रणाली, कसरी संसदीय प्रजातान्त्रमा कसरी कानून बनाइन्छ र यी कानूनहरू कसरी लागू गरिन्छ भन्ने कुरा बुझ्न महत्वपूर्ण छ। एउटा नागरिकको हैसियतले देशको सन्चालनमा तपाईंको आवाजको प्रभावबारे जानकारी हुनुपनि महत्वपूर्ण छ।

## मेरो आवाज कसरी राख्ने ?

### भोट खसालेर

भाग 2 मा व्याख्या गरिए झै, अष्ट्रेलियामा, 18 बर्ष पुगेका वा माथिका नागरिकहरूले संघिय, राज्य र क्षेत्रीय चुनावमा र संविधान संशोधनका लागि हुने जनमत संग्रहमा भोटको लागि दर्ता गर्नै पर्दछ।

अष्ट्रेलियाको संसदीय प्रजातन्त्रमा नागरिकहरू भोट हालेर आफ्नो प्रतिनिधि छानेर देशको शासन कसरी चलाउने भन्ने निर्णय गरिन्छ । यदि तपाईं अहिले नामावलीमा हुनुहुन्न भने, तपाईंले चुनावमा भोट खसाल्न सक्नु हुनेछैन।

अष्ट्रेलियाली निर्वाचन वा संविधान बदल्न हुने जनमत संग्रहमा मतदान गर्न अनिवार्य छ ।

अष्ट्रेलियाको निर्वाचन आयोग (The Australian Electoral Commission (AEC) राष्ट्र मण्डलको संस्था हो। यसले संघीय मतदान र जनमत संग्रह र मतदाता नामावलीको प्रबन्ध गर्दछ। AEC सरकार बाट स्वतन्त्र छ। ।AEC को निर्णयलाई राजनीतिक पार्टी वा सरकारका मानिसहरूले प्रभाव पार्दैन।

अष्ट्रेलियामा गोप्य मतदान हुन्छ, त्यसैले गर्दा तपाईं जुनसुकै उम्मेदवारलाई भोट दिन स्वतन्त्र र सुरक्षित हुनुहुनेछ। तपाईंले कसलाई भोट दिनुभयो भनेर अरूलाई भन्न सक्नुहुनेछ, तर तपाईंलाई कसैले पनि भन्न बाध्य गराउन सक्दैनन्। यदि तपाईंले चुनावमा भोट खसाल्नु भएन र त्यसको राम्रो कारण दर्शाउन नसकेमा जरिवाना पनि तिर्नु पर्नेछ। मतदानमा अनिवार्य सहभागी हुनुले हामी कसले आफूलाई प्रतिनिधित्व गर्छ तथा देशको शासन कसरी चल्छ भन्ने कुरा निर्धारण गर्न सक्छौँ।

### तपाईंको प्रतिनिधि समक्ष कुराहुरू राख्ने (उठाउने)

अष्ट्रेलियाली नागरिकहरू आफूले चुनेका प्रतिनिधिहरूलाई सम्पर्क गरेर सरकारी नीतिका बारेमा आफ्नो चिन्ता जाहेर गर्न पाउँछन् । यस तरिकाले, सबै अष्ट्रेलियाबासीहरूले कानून र सरकारी नीति नियम बनाउँदा आफ्ना आवाजहरू प्रस्तुत गर्न सक्दछन्। कुनै नागरिकले आफ्नो प्रतिनिधिलाई कुनै कानुन परिवर्तन गर्नु पर्ने सुझाव दिएमा ती प्रतिनिधिले नागरिकको सुझावलाई मध्यनजर गर्नु पर्छ ।

# हामीले हाम्रो सरकारी प्रणाली कसरी स्थापना गर्न सक्यौं?

## संघीय

बेलायतीहरूको प्रवेशपछि र सन् 1901 भन्दा अघि, छ वटा भिन्दाभिन्दै, आफैं चलेका बेलायती उपनिवेशहरूबाट अष्ट्रेलिया बनेको थियो।

हरेक कोलेनीको आफ्नै सम्विधान र रक्षा, आप्रवास, हुलाक, व्यापार र यातायातसम्बन्धी कानुन थिए । तर यो अवस्थाले कोलेनीहरूलाई अफ्ठेरो पारेको थियो । जस्तै, कोलोनी बीचको ब्यापार र यातायात महंगो र मन्दी थियो। सिमापारी कानून लगाउनु असंभव थियो। छरिएर रहेका उपनिवेशहरूको सुरक्षा प्रणाली कमजोर थियो।

परिणाम स्वरूप, मान्छेहरू कोलोनीहरूलाई एकीकृत गरी एउटा राष्ट्र बनाउन चाहन्थे । अति महत्वपूर्ण कुरा चाहिए अष्ट्रेलियाको राष्ट्रिय पहिचान बन्न शुरूहुन थाल्यो। अन्तराष्ट्रिय खेलकुद जगतमा उक्त समूहहरूले अष्ट्रेलियाको प्रतिनिधित्व गर्न थाले र अष्ट्रेलियाको संस्कृतिहरूको प्रख्यात गीतहरू, कविताहरू, कथाहरू र कला तर्फ विकाश हुन थाल्यो।

देश एकिकरण गर्नु एउटा मुस्किल काम थियो, तर समय बित्दै गएपछि अष्ट्रेलिया एउटा देश बनाउने विचार साकार भयो। सन् 1901 जनवरी 1 का दिन, उपनिवेशहरू एकिकृत भएर संघिय राज्य को निर्माण भयो जसलाई अष्ट्रेलियाको राष्ट्रमण्डल (Commonwealth of Australia)भनिन्छ।

## अष्ट्रेलियाको संविधान

The *Commonwealth of Australia Constitution Act 1900* एउटा कानूनी कागजपत्र हो, जसले अष्ट्रेलिया सरकारको साधारण नियमहरूको व्यवस्था गर्दछ। सन् 1900 को शुरूमा नै बेलायती संसदको नियम को भागअनुसार अष्ट्रेलियाको संविधानको निर्माण भएको हो। सन् 1901 जनवरी 1 मा, जब Australian Constitution प्रयोगमा आयो, उपनिवेश अष्ट्रेलिया एउटा स्वतन्त्र देशए अष्ट्रेलियाको राष्ट्रमण्डल Commonwealth of Australia भयो।

अष्ट्रेलियाली संविधानले कमनवेल्थ अफ अष्ट्रेलियाको प्रतिनिधि सभा र सिनेट सहितको संसद स्थापना गर्यो। संविधानले कानुन लागू गर्ने र कानुनको व्याख्या गर्ने अधिकार भएको अष्ट्रेलियाली उच्च अदालत पनि स्थापित गर्यो ।

अष्ट्रेलियाली जनताहरू जनमत संग्रहमा मतदान गरेर अष्ट्रेलियाली संविधान परिवर्तन गर्न सक्छन् । जस्तै, 1967 मा भएको जनमत संग्रहमा 90 प्रतिशत अष्ट्रेलियालीहरूले आदवासीहरूलाई पनि जनगणनामा समावेश गरिनु पर्छ भन्ने कुरा दर्शाएर मतदान गरेका थिए ।

जनमत संग्रहमा, 'दोब्बर बहुमत' ल्याएर मात्रै अष्ट्रेलियाको संविधान परिवर्तन गर्न सकिन्छ। यसको मतलब, परिवर्तनको लागि राज्य राज्य मा अधिकतम मतदाता र देशभर नै अधिकतम मतदाताहरूले भोट दिनु पर्दछ।




अष्ट्रेलियाको संविधान

# सरकारको शक्ति नियन्त्रण कसरी गरिन्छ?

अष्ट्रेलियाली संविधानले व्यवस्थापिका (संसद), कार्यपालिका (प्रधानमन्त्री र मन्त्री परिषद्) र न्यायपालिका (न्यायधीसहरू) बीच शक्ति पृथक्तिकरण गरेको छ। परिणाम स्वरूप, कुनै एक व्यक्ति वा समूहले मात्र सबै शक्ति आफ्नो हातमा लिन सक्दैन।

## व्यवस्थापिका

व्यवस्थापिकाले कानुन निर्माण गर्छ। अष्ट्रेलियामा संसदको कानून बनाउने र परिवर्तन गर्ने शक्ति छ। अष्ट्रेलियाको जनताहरूद्वारा चुनिएका प्रतिनिधिहरूबाट संसद बन्दछ।

## कार्यकारी अधिकार

कार्यकारी अधिकार कानूनलाई कार्यान्वयन गर्ने अधिकार नै कार्यकारी अधिकार हो। कार्यकारी अधिकारीमा प्रधानमन्त्री, अष्ट्रेलियाको सरकारको मन्त्री र गभर्नर जनरल पर्दछन्।

## न्यायिक अधिकार (शक्ति)

न्यायधिशरहरूको कानूनको अनुवाद र प्रयोग गर्ने शक्ति हुन्छ। अदालत र न्यायधिशहरू संसद र सरकारबाट स्वतन्त्र छन्।

यी अधिकारहरू अष्ट्रेलियाको संविधानमा लेखिएको छ।

# अष्ट्रेलियाको राज्य प्रमुख को हो?

अष्ट्रेलियाका राज्य प्रमुख अष्ट्रेलियाका राजा, महामहिम राजाचार्ल्स तृतीय हुन्।


अष्ट्रेलियाका राजाले अष्ट्रेलियाका प्रधानमन्त्रीको सल्लाहमा गभर्नर जनरललाई अष्ट्रेलियामा आफ्नो प्रतिनिधि नियुक्त गर्छन्। गभन्गिजनिर्रिसबीजिनरीलतक पार्थीहरूबा स्वतन्त्र भएकाम गिंगछन्। अष्ट्रेलियाको सरकारमा राजाको दैनिक कार्यभार छैन।

हरेक राज्यमा गभर्नर हुन्छन् जसले गभर्नर जेनेरलले जस्तै राजाको प्रतिनिधित्व गर्दछन्।

## संवैधानिक राजतन्त्र

अष्ट्रेलिया संवैधानिक राजतन्त्रको देश हो। यसको अर्थ राजा अष्ट्रेलियाको राष्ट्र प्रमुख हुनुहुन्छ तर उहाँले संविधानको पालना गर्नुपर्छ। राजा अष्ट्रेलियामा बस्नुहुन्न। त्यसैले उहाँले आफ्नो अधिकार प्रत्यायोजन गरेर अष्ट्रेलियाको गभर्नर जेनेरललाई दिनु भएको छ।

अष्ट्रेलियाली संसदीय प्रजातन्त्र बेलायती र उत्तर अमेरिकी परम्पराको अद्वितीय र अष्ट्रेलियाली सम्मिश्रण हो। अष्ट्रेलियाको प्रणालीमा, अष्ट्रेलियाको सरकारको नेता प्रधानमन्त्री हो।



महामहिम राजा चार्ल्स तृतीय

## गभर्नर जनरल को कार्यभार

गभर्नर जनरल सरकारको पक्षको रूपमा रहँदैन र उनी टतस्थ हुनु पर्छ ।

गभर्नर जनरलले निम्न लगायतका भूमिकाहरू निर्वाह गर्नु पर्छ:

- अष्ट्रेलियाको संसदमा पारित भएको विधयक लाई कानूनमा परिणत गर्ने (यसलाई शाही अनुमती (Royal Assent) भनिन्छ)
- आलंकारिक कर्तब्य पालन गर्ने
- अष्ट्रेलियाको सरकारको मन्त्रीहरू, संघीय न्यायाधिस र अन्य अधिकृतहरूको नियुक्तीको स्वीकृत गर्ने
- संघीय चुनावको प्रक्रिया सुरु गर्ने
- अष्ट्रेलिया रक्षा दलको प्रधान सेनापतीको रूपमा काम गर्ने

गभर्नर जनरलको विषेश शक्ति पनि छ जसलाई 'reserve powers' भनिन्छ त्यो निर्धारित परिस्थिमा मात्र प्रयोग गर्न सकिन्छ।

# अष्ट्रेलियाका केहि नेताहरूको को हुन्?

### राज्यप्रमुख
अष्ट्रेलियाका राजा

### गभर्नर जनरल
राज्य प्रमुखको प्रतिनिधि

### गभर्नर
हरेक अष्ट्रेलियाको राज्यहरूको राज्य प्रमुखको प्रतिनिधि

### प्रधान मन्त्री
अष्ट्रेलियाको सरकारको नेता

### नगरप्रमुख
राज्य सरकारको नेता

### प्रमुख मन्त्री
प्रादेशिक सरकारको नेता

### सरकारी मन्त्री
सरकारका क्षेत्रहरूको उत्तरदायी भएको सरकारी नेताबाट चुनिएका एउटा संसदका सदस्य

### संसद सदस्य (MP)
अष्ट्रेलियाको संसद वा राज्यको संसदमा अष्ट्रेलियाबासीद्वारा चुनावबाट चुनिएका प्रतिनिधिहरू

### माथिल्लो सदनका सदस्य
अष्ट्रेलियाको संसदमा राज्य वा प्रदेशको चुनिएका प्रतिनिधिहरू।

### नगर प्रमुख वा जिल्लाका अध्यक्ष
स्थानीय काउन्सिल (परिषद) का नेता

### परिषदको सदस्य
स्थानीय परिषदको चुनिएका सदस्यहरू

# अष्ट्रेलिया कसरी चल्दछ?

## अष्ट्रेलियाको सरकार

अष्ट्रेलियाको सरकारलाई संघिय सरकार वा कमलवैल्थ सरकार पनि भनिन्छ। अष्ट्रेलियाको संसदमा निम्न दुई सदनहरू छन् र यी दुई सदनबाट छानिएका व्यक्तिहरू मिलेर सरकार बन्छ:

- प्रतिनिधि सभाका सदस्यहरू
- माथिल्लो सदन (सिनेट)

संघीय चुनावमा अष्ट्रेलियाली नागरिकहरू संसदको दुबै सदनमा सदस्यहरूको छनौट गर्छन् ।

# प्रतिनिधि सभा

प्रतिनिधि सभा अष्ट्रेलियाली संसदको एउटा सदन हो। प्रतिनिधिसभालाई काहिलेकाहीँ तल्लो सदन वा जनताको सदन पनि भनिन्छ।

अष्ट्रेलियालाई संघिय चुनाव क्षेत्रमा बिभाजन गरिएको छ। संसदले (MPs) आफ्नो चुनाव क्षेत्रका जनताको प्रतिनिधित्व गर्छन्।

राज्य तथा क्षेत्रको MP हरूको संख्या सो राज्य वा क्षेत्रमा रहेका जनताको संख्याको आधारमा तय गरिन्छ। समग्रमा प्रतिनिधि सभामा 150 भन्दा बढी सदस्यहरू हुन्छन्।

प्रतिनिधि सभाका सदस्य र सिनेटरले अष्ट्रेलियाली संसदमा विधेयक (प्रस्ताविक कानुन) को बारेमा छलफल गर्छन्। प्रतिनिधि सभाले नयाँ कानून वा कानूनको परिवर्तनको बारेमा विमर्श, छलफल र कानुन परिवर्तनका गर्ने प्रस्तावमा भोट हाल्ने तथा राष्ट्रिय महत्वका कुराहरूको छलफल गर्ने काम गर्छ।



प्रलतलनलध सभा

# माथिल्लो सभा (सीनेट)

संसदको अर्को सदनलाई सिनेट भनिन्छ। सिनेटलाई माथिल्लो सदन, पुनर्विचार सदन वा राज्यको सदन पनि भनिन्छ। हरेक राज्यका मतदाताहरूले चुनवा मार्फत् माथिल्लो सदनका प्रतिनिधिहरू छान्छन्। माथिल्लो सदनमा सबै राज्यहरूको जनसंख्या हिसाब नगरिकन बराबर प्रतिनिधिहरूले प्रतिनिधित्व गर्दछन्। माथिल्लो सदनमा 76 सदस्यहरू हुन्छन्। हरेक राज्यबाट 12 जना सिनेटरहरू र अष्ट्रेलियाली क्यापिटल क्षेत्र र नर्दन क्षेत्रबाट दुई दुई जना सिनेटर छानिन्छन्।

सिनेटरहरूले पनि नयाँ कानून वा कानूनको परिवर्तनको बारेमा विमर्श, छलफल र कानुन परिवर्तनका गर्ने प्रस्तावमा भोट हाल्ने तथा राष्ट्रिय महत्वका कुराहरूको छलफल गर्ने काम गर्छन्।



मालरल्ो सिन (लसनरेी)

# राज्य र प्रदेशका सरकारहरू

अष्ट्रेलियामा छ राज्यहरू र दुई मुख्यभूमि प्रदेशहरू छन्। हरेक राज्यको आ-आफ्नै संविधान र संसद छ। राज्य र प्रदेशका सरकारहरू तिनिहरूको राजधानी शहरहरूमा अवस्थित छन्। राज्य सरकारको नेता प्रिमियर र प्रादेशिक सरकारको नेता मुख्य मन्त्री हुन्।

राज्य सरकारहरूले अष्ट्रेलिया सरकार जस्तै काम गर्दछ। प्रत्येक राज्यमा, गभर्नरले अष्ट्रेलियाको राजाको प्रतिनिधित्व गर्दछ। निगनरिरिरिरिमा गर्भन्गि जर्निरि प्रशासककरो लनययुतिरी गिगछ। प्रशासककरो उत्तिलियत्व भूलमका ज्यि गभन्गिकरो जसैहरो।

राज्यसँग संविधानले दिएका अधिकार हुन्छन् भने क्षेत्रसँग यस्तो कुनै अधिकार हुँदैन। राज्यहरू आफै कानुन बनाउन सक्छन् भनेअष्ट्रेलियाली सरकार जुनसुकै बेला स्वःशासित क्षेत्रहरूको कानुन बदल्न वा खारेज गर्न सक्छ।

अष्ट्रेलियाली जनताहरू राज्य वा क्षेत्र चुनावमा मत दिएर आफ्नो क्षेत्रका प्रतिनिधि छान्ने गर्छन्। यी प्रतिनिधिहरू सम्बन्धित राज्य वा क्षेत्रको संसदको सदस्य बन्छन्।

# स्थानीय सरकार

राज्यहरू र नदर्न टेरीटरी स्थानीय सरकारको क्षेत्र मा बिभाजित छन्। तिनिहरूलाई शहर, जिल्ला (shires), टाउन वा नगरपालिका भनिन्छ। हरेक क्षेत्रको आफ्नै स्थानीय (काउन्सिल) हुन्छ। काउन्सिलहरू तिनिहरूको स्थानीय समुदायमा योजना र सेवा प्रदान गर्न उत्तरदायी हुन्छन्। हरेक स्थानीय सरकार क्षेत्रका नागरिकहरूले आफ्ना स्थानीय काउन्सिलर चुन्नका लागि भोट खसाल्दछन।

# तिन तहका सरकारले के गर्दछ?

केही उत्तरदायित्व एकै भए पनि हरेक तहका सरकारले निश्चित सेवा प्रदान गर्छन् । यही कुराले नै यी सरकार बीच फरक छुट्याउँछ ।

### अष्ट्रेलियाको सरकार उत्तरदायी हुने कुराहरू:

कर
राष्ट्रिय अर्थतन्त्रको व्यवस्थापन
अध्यागमन र नागरिकता
रोजगारी सहायता
हुलाक सेवा र संञ्चार सञ्जाल
सामाजिक सुरक्षा (निवृतिभरण र परिवार सहयोग)
रक्षा
व्यापार र बाणिज्य
हवाईअड्डा र हवाई सुरक्षा
विदेश मामिला (अरूदेशहरू संग को सम्बन्ध)।

### राज्य र प्रदेशका सरकारहरू मुख्य रूपले उत्तरदायी हुने कुराहरू:

अस्पताल र स्वास्थ्य सेवाहरू
विद्यालयहरू
सडक र रेलमार्ग
बन जंगल
पुलिस सार्वजनिक यातायात साधन
सार्वजनिक यातयात

### स्थानीय सरकारहरू (र अष्ट्रेलियन क्यापिटल टेरिटोरी सरकार) उत्तरदायी हुने कुराहरू:

सडक संकेत, यातायत नियन्त्रण
स्थानीय सडक, फुटपाथ, पुलहरू
ढल
पार्क, खेल्ने मैदान, पौडीखल्ने पुल, खलकुद मैदान
क्यामपिङ्ग मैदान र क्याराभान पार्क
खाना र मासुको निरिक्षण
हल्ला र पशु पंक्षी नियन्त्रण
फहोरमैला संकलन
स्थानीय पुस्तकालय, हल र सामुदायीक केन्द्रहरू
तोकिएका बालबालिका हेरबिचार कन्द्र र बृद्ध आश्रम
भवन निर्माण स्वीकृति
सामाजिक योजना
स्थानीय सरकारका मामिलाहरू।

## राजनीतिक पार्टीहरूले अष्ट्रेलिया चलाउने तरिकामा के भूमिका खलेको हुन्छ?

राजनीतिक पार्टी भनेको देश कसरी चल्नु पर्दछ भन्ने कुरामा एउटै बिचारधारा भएको मानिसहरूको समूह हो। तिनिहरू पार्टीको बिचार कानूनमा परिणत गर्नको लागि एकजुट भएर लाग्दछन। अष्ट्रेलियाको मुख्य राजनीतिक पार्टीहरूमा  लिवरल पार्टी अफ अष्ट्रेलिया, अष्ट्रेलियन लेवर पार्टी, दि नेशनल र दि अष्ट्रेलियन ग्रिन्स हुन।

प्रायजसो संसदहरू राजनैतिक दलका हुन्छन् । तर केही संसदहरू राजनैतिक दलका हुँदैनन् । तिनलाई 'स्वतन्त्र संसद' भनिन्छ ।

अष्ट्रेलियामा मान्छेहरू आफूले छानेको पार्टीमा सहभागी हुन पाउँछन् ।

## अष्ट्रेलियाको सरकार कसरी बन्दछ?

संघीय मतदानपछि, बहुमत प्राप्त गर्ने पार्टीले वा संसदका एकभन्दा बढी पार्टी मिलेर सरकार बनाउँछन् । यो पार्टीको नेता नै अष्ट्रेलियाको सरकारको नेता प्रधानमन्त्री बन्दछ।

संघीय चुनावपछि प्रतिनिधि सभामा राजनीतिक पार्टी वा मिलिजुलि पार्टीहरूको दोश्रो अधिकतम प्रतिनिधि हुनेहरूलाई विपक्षी दल भनिन्छ।  यसको नेतालाई विपक्षी दलका नेता भनिन्छ।

प्रधानमन्त्रीले प्रतिनिधि सभाको सदस्य वा सिनेटर (माथिल्लो सदनको प्रतिनिधि) बाट मन्त्रीको सिफारिस गर्दछ। गभर्नर जेनेरललाई प्रधानमन्त्री र मन्त्रीहरूको नियुक्त गर्छन् ।

मन्त्रीहरू सरकारको विभिन्न क्षेत्रहरू (जसलाई विभाग पोर्टफोलियो भनिन्छ) जस्तै रोजगारी, पुराना आबासीहरूको मामिला वा अर्थतन्त्रप्रति उत्तरदायी हुन्छन्। उच्च तहका विभाग (पोर्टफोलियो) भएका मन्त्रीहरूबाट मन्त्रिमण्डल बन्दछ, जुनचाहिँ अष्ट्रेलियाको सरकारको मुख्य निर्णय गर्ने विभाग हो।

## कानून कसरी बन्दछ?

अष्ट्रेलियाली संसदमा देशको फाइदाको लागि कानुन बनाउने र परिवर्तन गर्ने अधिकार हुन्छ ।

कुनै संसदले नयाँ कानुन ल्याउने वा पुरानो कानुन संसोधन गर्ने प्रश्ताव राख्न सक्छन् ।सो प्रस्तावलाई 'विधेयक' भनिन्छ ।

प्रतिनिधि सभा र माथिल्लो सदन (सिनेट) ले उक्त विधेयक संग सहमत छ छैन भनि विमर्श, छलफल र मतदान गर्दछन्।

यदि संसद सभाको बहुमतले विधेयकमा सहमत भएमा यो गभर्नर जनरल समक्ष जान्छ।

गभर्नर जनरलले सो विधेयकमा हस्ताक्षर गरेपछि उक्त विधेयक कानुन बन्छ । यसलाई 'शाहि सहमति' भनिन्छ ।

राज्य र प्रदेशका संसदमा पनि यहि प्रकृया द्वारा आफ्नो कानून बनाउँदछन।




## कानून कसरी लागू गरिन्छ ?

### अदालत

अष्ट्रेलियाका अदालतहरू स्वतन्त्र हुन्छन् । अदलतले कुनै पनि व्यक्तिले कानून भंग गरेको छ छैन र त्यसको सजायँको पनि निर्णय गर्दछ। अदालतले उनिहरूको अगाडि भएको प्रमाणको आधारमा मात्र निर्णय गर्दैन।

### न्यायधिश र मेजिस्ट्रेट हरू

अदालतमा न्यायधिश वा मेजिस्ट्रेट उच्च अख्तियार हुन्छ। उनीहरू स्वतन्त्र हुन्छन्, उनिहरूलाई कसैले पनि के निर्णय गर्ने भन्न सक्दैनन्।

न्यायधिश वा मेजिस्ट्रेटहरू सरकारद्वारा मनोनित गरिन्छ, तर यदि तिनिहरूको निर्णयमा असहमत भएको आधारमा उनिहरूलाई बर्खास्त गर्न सक्दैनन्।

### जुरी

अष्ट्रेलियाली अदालती प्रणालीमा अदालतमा दोषी साबित नहुन्जेलसम्म हरेक व्यक्तिलाई निर्दोष ठानिन्छ । अदालतमा हरेक व्यक्तिको वकिलद्वारा प्रतिनिधित्व हुन अधिकार हुन्छ।

यदि व्यक्तिले कानून भंग गरेको छ भने कुनै कुनै मुद्दा मामिला निर्णय गर्न अदालतले जुरी को प्रयोग गर्दछन्। जुरीले कुनै व्यक्ति दोषी छ वा छैन भन्ने कुरा निर्धारण गर्छ । जुरी भनेको सर्बसाधारण मानिसहरूको समूह जुन अनियमित रूपले छानिन्छ। न्यानाधीशले जुरीलाई कानूनको ब्याख्या गरिदिन्छन्। अपराधिक परिक्षणमा यदि जुरी ले व्यक्तिलाई दोषी ठहर्याएमा न्यायधिशले सजायँ को निर्णय गर्दछन्।

### पुलिस

पुलिसले समाजमा शान्ति र आदेश कायम गर्दछन। जीवन र धन सम्पतिको सुरक्षा प्रदान गर्ने तिनिहरूको काम हो। तिनिहरू सरकार देखि स्वतन्त्र हुन्छन्। यदि पुलिसको हेराईमा कसैले कानून भंग गरेको पाइएमा तिनिहरूले पक्रन सक्दछन् र अदालतको कानूनको अगाडि ल्याउन सक्दछन। पुलिसले अदालतलाई प्रमाण पेशगर्न सक्दछन्, तर यदि उक्त व्यक्ति दोषी छ छैन अदालतले निर्णय गर्दछ।

राज्यहरू र नर्दन टरेटोरीको आ-आफ्नै पुलिसहरू छन्। तिनिहरूले अपराधलाई राज्य र प्रदेशको नियमानुसार छानबिन गर्दछन।

अष्ट्रेलियाको राष्ट्रिय पुलिस फोर्स पनि छ जसरलाई संघीय पुलिस (फेडरल पुलिस) भनिन्छ। AFP ले संघिय कानूनको विपरितका अपराधिक कृयाकलाप जस्तै लागू औषध व्यापार, राष्ट्रिय सुरक्षा बिरूद्धको अपराध र वातावरण बिरूद्धको अपराधहरू अनुसन्धान गर्दछन्। AFP अष्ट्रेलियन क्यापिटल टेरिटोरीमा साधारण पुलिसको कामको लागि पनि जिम्मेवार हुन्छन्।

अष्ट्रेलियामा समाज र पुलिसबीच राम्रो सम्बन्ध छ। तपाईंले अपराधको सुराकी लगाउन सक्नुहुनेछ र स्थानीय पुलिसबाट सहयोग मागर्न सक्नु हुनेछ।

अष्ट्रेलियामा पुलिसलाई घुस दिनु गम्भिर अपराध हो। पुलिस अफिसरलाई घुसको प्रस्ताव राख्न मात्रै पनि अपराध हो।

# अष्ट्रेलियामा अपराधिक घटनाहरू

तपाईंले अष्ट्रेलियाको कानूनको बारेमा जानकार हुनु महत्वपूर्ण छ । तपाईंले कानुनको उल्लंघन गर्नुभयो तर तपाईंलाई सो कानुनको बारेमा जानकारी थिएन भने पनि तपाईं सजायको भागिदार हुनु हुने छ किनकी कानून थाहा छैन भनेर कानून भंग गरेमा क्षमा पाउन सक्नु हुनेछैन ।

केहि गम्भिर अपराधमा हत्या, आक्रमण, बलत्कारी आक्रमण, मानिसहरू वा सम्पतिका बिरूद्ध अत्याचार, हतियार संलगर्न डकैती, बालबालिका वा कानूनी हदमा उमेर नपुगेकाहरूसंग यौन सम्पर्क राख्ने, मोटरकार खतरनाक तरिकाले चलाउने, अवैधानिक लागू औषध साथमा राख्ने वा प्रयोग गर्ने र भष्टाचार पर्दछन्।

प्रत्येक व्यक्तिसँग आफ्नो परिवार, साथीभाइ र प्रियजनसँग सकारात्मक र सुरक्षित सम्बन्ध स्थापित गर्ने अधिकार हुन्छ । अन्य देशहरूमा जस्तै, अष्ट्रेलियामा अर्को मानिसलाई आक्रमण गर्नु गैर कानूनी हो र गम्भिर अपराध हो। यसमा घर भित्रको वा वैवाहिक जीवनका झगडा जसलाई घरयासी वा पारिवारिक आक्रमण पर्दछन्। घरेलु हिंसा वा पारिवारिक हिंसामा डर देखाएर, धम्क्याएर आफ्नो साथीलाई नियन्त्रण गर्न गरिने व्यवहार समावेश हुन्छ । घरेलु वा पारिवारिक हिंसामा पिट्ने, कुनै व्यक्तिलाई साथीभाइ र परिवारबाट छुट्याउने वा बालबालिका वा पाल्तु जनवारलाई धम्क्याउने काम समावेश हुन्छ । घरेलु हिंसा वा पारिवारिक हिंसा गर्नु भनेको गैरकानुनी काम गर्नु हो । यो काम स्वीकार्य हुँदैन ।

यो अपराध गर्ने व्यक्तिले जेल जानु पर्ने हुन्छ । कसैले पनि घर व्यवहार स्वीकार गर्नु हुँदैन ।

तपाईं वा तपाईंले चिनेको कोही व्यक्ति जोखिममा हुनुहुन्छ भने तपाईंले प्रहरीलाई खवर गर्नु पर्छ । थप जानकारीको लागि www.respect.gov.au र www.1800respect.org.au हेर्नुहोस् ।

# ट्राफिक अपराध

सडक र ट्राफिक नियम राज्य र प्रदेशका सरकारले नियन्त्रण गर्दछ। ट्राफिन नियमको पालना नगर्ने मान्छेले जरिवान तिर्नु पर्ने तथा जेल जानु पर्ने हुन सक्छ । अष्ट्रेलियामा कार चलाउनको लागि स्थानीय सवारी चालक अनुमति पत्र र दर्ता भएको कार हुनु पर्दछ।

कारमा यात्रा गर्ने सबैले कारको सिटको पेटी लगाउनु अनिवार्य छ। बालबालिकाहुरू स्वीकृत भएको बालबालिकाहरूको कार सिटमा हुनै पर्दछ। ट्राफिन नियमहरूको पालना अनिवार्य गरिनु पर्छ । लागू औषधी वा तोकिएको सीमाभन्दा बढी मादक पदार्थ सेवन गरी सवारी चलाउन पाइदैन । सवारी साधन चलाएको बेला मोवाईल फोन प्रयोग गर्नु पनि कानूनको बिरूद्ध हो।



# भाग चार

# अष्ट्रेलियाली मूल्य मान्यताहरू



# अष्ट्रेलियाली मूल्य मान्यताहरू

स्वतन्त्रता, सम्मान र समानतामा आधारित अष्ट्रेलियाली मूल्य मान्यताहरू हाम्रो समुदायका केन्द्रिय तत्त्वहरू हुन् । यिन कै कारणले अष्ट्रेलिया सुरक्षित, सम्पन्न र शान्त देश बन्न सकेको हो ।

हाम्रा मूल्य मान्यताले हाम्रो देश र संस्कृति निर्माण गरेको हो । यिनै मूल्य र मान्यताको कारणले धेरै मान्छेहरू अष्ट्रेलियाको नागरिक बन्न चाहन्छन् ।

अष्ट्रेलियाको नागरिकता भनेको तपाईंको दैनिक जीवन र समुदायमा ति मूल्य मान्यताहरू निहित रहनु हो। अत: तपाईंले सबै अष्ट्रेलियालीहरूले सम्मान गर्नु पर्ने, अपनाउनु पर्ने र कायम गर्नु पर्ने मूल्य र मान्यताहरूको बारेमा बुझ्न जरुरी हुन्छ ।

## हाम्रा मूल्य मान्यताहरू

### कानुनी शासनप्रति प्रतिवद्धता

सबै अष्ट्रेलियालीहरूलाई कानुन र कानुनी प्रणालीले संरक्षण गरेको हुन्छ । शान्ति र व्यवस्थित समाज कायमको लागि अष्ट्रेलियाबासीहरू कानून को महत्त्वको पहिचान गदर्छन्।

कानुनी शासन अन्तर्गत सबै व्यक्ति र समूह कानुनको नजरमा समान हुन्छ । अष्ट्रेलियामा सबैले कानुनको पालना गर्नु पर्छ । कानुनको पालना गरिएन भने वा कानुन उल्लंघन गरियो भने सजाय हुन्छ । तपाईंले कसैले नदेखेको बेलापनि कानुनको पालना गर्नु पर्छ ।

अष्ट्रेलियामा बस्ने सबै व्यक्तिमा अष्ट्रेलियाली कानुन लागू हुन्छ । अर्थात् तपाईंको पृष्ठभूमि वा संस्कृति जे सुकै होस् तपाईंले अनिवार्य रूपले अष्ट्रेलियाली कानुनको पालना गर्नु पर्छ ।

### संसदीय प्रजातन्त्र

अष्ट्रेलियाको सरकार प्रणाली ससंदीय प्रजातन्त्र हो। जनताले चुनेका संसदले कानुन निर्माण गर्ने गर्छन् । यसको मतलब अष्ट्रेलियाली नागरिकहरू कसरी देश चलाउनु पर्दछ भन्ने कुरामा सहभागी हुन्छन । सरकारको शक्ति अष्ट्रेलियन जनताहरू बाट आउँदछ किनकी अष्ट्रेलियन जनताहरूले उनिहरूको सांसदहरू (जन-प्रतिनिधीहरू) मतदानद्वारा छनौट गर्दछन्।

अष्ट्रेलियामा मतदान गर्नु अनिवार्य हुन्छ । यसले चुनावमा भाग लिनुको महत्व दर्शाउँछ ।

## वाक स्वतन्त्रता

अष्ट्रेलियाका जनता कानुनको दायराभित्र रहेर आफ्ना राय र मत राख्न पाउँछन् । अष्ट्रेलियामा मान्छेहरू सामाजिक र राजनैतिक छलफल गर्न सार्वजनिक र निजी स्थलमा भेटघाट गर्न पाउँछन् । मान्छेहरू जुनसुकै विषयमा आफ्नो राय राख्न र अरूसँग छलफल गर्न पाउँछन् । पत्रपत्रिककाहरू, टेलिभिजन र रेडियोको पनि उस्तै स्वतन्त्रता हुन्छ।

शान्तिपूर्ण विरोध प्रदर्शन प्रजातन्त्रको अभिन्न अंश भएकाले अष्ट्रेलियालीहरू सरकारको क्रियाकलाप विरुद्ध प्रदर्शन गर्न पाउँछन् किनकी शान्तिपूर्ण विरोध प्रदर्शन प्रजातन्त्रको अभिन्न अङ्ग हो ।

कुनै व्यक्ति वा समूह (संस्कृति, धर्म वा पृष्ठभूमिको आधारमा) विरुद्ध हिंसा प्रवर्धन गर्नु भनेको अष्ट्रेलियाली मूल्य मान्यता र कानुन विपरीत कुरा हो । अत यो काम अष्ट्रेलियामा अस्वीकार्य हुन्छ । त्यस्तै, कसैलाई झूटा आरोप लगाउनु वा कानुन तोड्न उक्साउनुलाई पनि गैरकानुनी ठहर्याइन्छ । हामीले अरूको वाक स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको पनि सम्मान गर्नु पर्दछ। तर त्यस्तो अविव्यक्ति कानुनी हुनु पर्छ ।

## संगठनमा लाग्ने स्वतन्त्रता

अष्ट्रेलियामा जनताहरू कानुन सम्मत समूहमा स्वेच्छाले सहभागी हुन र सो समूहबाट निस्कन पाउँछन् । जनताहरू कुनैपनि कानूनी संघ संस्था, जस्तै राजनीतिक पार्टी, व्यापारिक यूनियन, धर्म, चालचलन वा सामाजिक समूहमा संलग्न हुन स्वतन्त्र छन् । कसैलाई पनि कुनै संगठनमा सहभागी हुन वा सो संगठन छोड्न बाध्य पार्न पाइँदैन ।

अष्ट्रेलियनहरू स्वतन्त्र रूपमा भेला भई सरकारी कार्य वा संस्थाको कार्यको बिरोध गर्ने जस्ता काम गर्न पाउँछन् । तर, सबै बिरोध प्रदर्शनी कानूनको दायरा भित्र हुनुपर्दछ। यसको मतलव तिनितहरू शान्तिपूर्ण, र कुनै पनि व्यक्ति वा सम्पतिलाई हानी नपुग्ने हुनु पर्दछ।

## धार्मिक स्वतन्त्रता

अष्ट्रेलियाको राष्ट्रिय धर्म छैन र अष्ट्रेलियाका नागरिकहरू आफ्नो धर्म मान्न स्वतन्त्र हुन्छन् । सरकारले जनताहरूलाई उनिहरूको जुनसुकै धर्म भएपनि समान व्यवहार गर्दछ। तर धार्मिक अभ्यासहरू कानुनसम्मत हुनु पर्छ ।

अष्ट्रेलियामा धार्मिक कानुन चल्दैनन् । कुनै अष्ट्रेलियाली कानुन धार्मिक कानुनभन्दा पृथक छ भने पनि सबैले अष्ट्रेलियाली कानुनको पालना गर्नु पर्छ । अष्ट्रेलियामा बहुविवार र जबरजस्ती विवाह गर्न गराउन पाइदैन । यस्तो विवाह गर्ने गराउने व्यक्तिलाई जेल सजाय लगायतको गम्भीर कानुनी सजाय हुन्छ ।

अष्ट्रेलियामा धार्मिक असहिष्णुता अस्वीकार्य छ । जात वा धर्म जे सुकै होस् कानुनको पालना गर्ने हरेक व्यक्तिलाई आफ्नो लक्ष्य प्राप्त गर्ने र सोख पुरा गर्ने समान अवसर प्रदान गरिनु पर्छ ।



## कानुनको नजरमा सबै व्यक्ति बीचको समानता

अष्ट्रेलियामा लिंग, यौनिक झुकाव, उमेर, अपाङ्गता, धर्म, जात, जातीय उत्पति वा राष्ट्रियताको आधारमा कसैलाई भेदभाव गरिँदैन । हरेक व्यक्तिसँग समान अधिकार हुन्छ । कानुन(हरू)ले सबै व्यक्तिसँग समान व्यवहार गर्ने कुराको सुनिश्चितता प्रदान गर्छ ।

विभिन्न पृष्ठभूमिका व्यक्तिहरूसँग समान व्यवहार गर्न सकियोस् र कोही पनि भेदभावको शिकार नहोस् भन्नका खातिर कानुन लागू गरिन्छ । उदाहरणको लागि, बौध धर्मी तथा अन्य धर्वालम्बीहरू र इसाइहरू दुवैसँग समान व्यवहार गरिन्छ । कानुन अनुसार विवाहमा लैंगिक भेदभाद छैन । यहाँ जुन सुकै लिङ्गका व्यक्ति एक अर्कासँग विवाह गर्न सक्छन् । अर्थात् पुरुष पुरुष र महिला महिला पनि एक अर्कासँग विवाह गर्न पाउँछन् ।

अष्ट्रेलियामा महिला र पुरुष दुबैसँग समान अधिकार हुन्छ । उनीहरूलाई आफ्नो लक्ष्य प्राप्त गर्ने र सोख पुरा गर्ने समान अवसर हुन्छ । शिक्षा र रोजगारी, भोट खसाल्न र संसदमा उठ्न, सुरक्षा दल र पुलिसमा जानका लागि दुवै महिला र पुरूषलाई समान अवसर छ। अदालतको कानून अनुसार दुवै महिला र पुरूषलाई समान रूपमा व्यवहार गरिन्छ।

लिंगका कारण कुनै पनि व्यक्तिलाई भेदभाव गर्नु कानूनको विरूद्ध हो। कुनै महिलामा पुरुषको भन्दा राम्रो योग्यता र क्षमता छ भने पुरुषको ठाउँमा उनले जागिर पाउँछिन् ।

दुवै महिला र पुरूषलाई उनिहरूको आफ्नो व्यक्तिगत मामिलाको बारेमा जस्तै विवाह वा धर्मको बारेमा निर्णय गर्ने स्वतन्त्र छनौट अधिकार छ, र कानूनले नै झगडा वा त्रासमा पार्नबाट संरक्षण प्रदान गरेको छ। अष्ट्रेलियामा जीवनसाथीप्रति हिंस्रक हुनु कानुनी अपराध हुने भएकाले कुनै पनि व्यक्ति आफ्नो जीवनसाथीप्रति हिंस्रक हुन पाउँदैन ।

अष्ट्रेलियमा सम्बन्ध विच्छेद गर्न पाइन्छ । श्रीमान वा श्रीमती मध्ये कुनै एक पक्षले सम्बन्ध विच्छेद गर्न नचाहे पनि अर्को पक्षले सम्बन्ध विच्छेदका लागि अदालतमा आवेदन दिन पाउँछ ।

## समान अवसर र 'न्यायोचित अवसर'

हामी सबै जनाले 'न्यायोचित अवसर' प्राप्त गर्नु पर्छ र कसैमा पनि वर्ग विभेद गरिनु हुँदैन भन्ने कुरामा विश्वास गर्छौं । सबै पृष्ठभूमिका व्यक्तिहरूलाई सफतला प्राप्त गर्ने समान अवसर दिइन्छ । हरेक व्यक्तिसँग उही कानुनी अधिकार होस् भन्ने कुरा सुनिश्चित गर्नु अष्ट्रेलियाली समाजको अकाट्य विशेषता हो ।

यसको मतलव कसैले पनि आफ्नो जीवनमा जे प्राप्त गर्दछन् त्यो कडा परिश्रम र खुवीले हो। यसको अर्थ हो कुनै व्यक्तिले आफ्नो सीप र अनुभवको आधारमा काम पाउँछ । यसमा सो व्यक्तिको लिङ्ग, धन वा जातको कुनै भूमिका हुँदैन ।

कुनै संस्थामा कामदार चाहिएमा कानुनले सो संस्थालाई सबैभन्दा सिपालु र अनुभवी कामदार छान्न सहयोग गर्छ ।

अष्ट्रेलियामा धेरै नयाँ आएका मानिसहरू उनिहरूको कडा परिश्रम र खुवीले व्यवसाय, आफ्नो पेशा, कला, सार्वजनीक सेवा र खेलकुदमा नेतृत्व गरेका छन्।



## अरू प्रति पारस्परिक सम्मान र सहिष्णुता

अष्ट्रेलियामा हामीले अरूको स्वतन्त्रता र निष्ठा तथा विचार र छनौटको सम्मान गर्नु पर्छ ।

कुनै पनि व्यक्तिलाई हिंसा गर्नु कानूनको विरूद्ध हो। मौखक वा शारीरिक दुर्व्यवहार लगायतका सबै प्रकारका हिंसालाई गैर कानुनी ठानिन्छ । अष्ट्रेलियालीहरू शान्तिपूर्ण मतभेद र हिंसा र सबैभन्दा महत्वपूर्ण कुरा, धम्कीबाट सुरिक्षित हुन पाउने अधिकारमा विश्वास राख्छन् ।

अष्ट्रेलियामा यौन सम्पर्क उमेरको बारेमा कडा कानुन लागू हुन्छ । कुनै राज्य वा क्षेत्रमा 16 वर्ष पुगेपछि र अन्य राज्य वा क्षेत्रमा 17 वर्ष पुगेपछि यौन सम्पर्क गर्न पाइन्छ । उदाहरणको लागि 20 वर्षे पुरुषले 15 वर्ष युवतीसँग यौन सम्पर्क गर्न पाउँदैन । यस्तो यौन सम्पर्कलाई सबै अष्ट्रेलियाली राज्य र क्षेत्रमा गैरकानुनी ठानिन्छ ।

अष्ट्रेलियामा प्रहरीले गरेको सही काममा सहयोग प्रदान गरिनु पर्छ । प्रहरीले गरेको कानुनी अनुरोध सबैले मान्नु पर्छ किनभने सबै अष्ट्रेलियालीहरू कानुनको पालना गर्न प्रतिवद्ध रहन्छन् ।

अष्ट्रेलिया पारस्परिक सम्मान र सहिष्णुताको सिद्धान्तको कदर गर्छ । यसको अर्थ हो हामीले अरूको, आफूभन्दा फरक व्यक्तित्व भएका व्यक्तिको कुरा सुन्नु पर्छ, उनीहरूको रायको कदर गर्नु पर्छ । एक अर्कासँग सहमत हुन नसकेका खण्डमा पनि सबै जनाले एक अर्का प्रति सहिष्णु हुनु पर्छ ।

अष्ट्रेलियामा नश्लवादको लागि कुनै स्थान छैन । यहाँ इन्टरनेट वा अन्य प्रकाशनमा नश्लीय रूपले आपत्तिजनक सामग्री सृजना गर्न वा सेयर गर्न वा सार्वजनिक स्थल वा खेलकुद कार्यक्रममा नश्लीय रूपले आपत्तिजनक प्रतिक्रिया दिन पाइँदैन ।

# हाम्रो समुदाय

## योगदान दिने तरिका

नागरिकताले तपाईंलाई हाम्रो देश र समुदायमा पूर्ण रूपले सहभागी हुने अवसर प्रदान गर्छ । यसको अर्थ हो तपाईं अष्ट्रेलियाली नागरिकको हैसियतले आफ्नो उत्तरदायीत्वहरू पूरा गर्न तयार हुनुहुन्छ । अष्ट्रेलियालीहरू अष्ट्रेलियामा बस्ने सबै जनाले समाजमा सहभागी हुनु पर्छ र योगदान गर्नु पर्छ भन्ने अपेक्षा राख्छन् । आफू र सकेको बेला आफ्नो परिवारलाई समर्थन गर्नु सबैको कर्तव्य हो ।

## विपन्नहरू प्रतिको दया

अष्ट्रेलियालीहरू 'भाइचारा' महत्व दिन्छन् । हामी आवश्यक परेका बेला एक अर्कालाई सहयोग गर्छौं । उदाहरणको लागि, एउटा साथीले छिमेकीलाई खाना वितरण गर्न सक्दछ, मित्रलाई स्वास्थ्यको जाँच गर्ने समयमा गाडीमा राखेर लगिदिन सक्दछ वा एक्लै बसेका, कमजोर वा बिरामी कोहिलाई भेटिदिन सक्दछ।

यही भाइचारको कारणले अष्ट्रेलियामा सामुदायिक सेवा र स्वयं सेवाको परम्परा रहिआएको छ । यसले हामीलाई एक अर्कोको हेरचार गर्न र समुदायलाई दह्रो बनाउन मद्दत गर्छ । स्वयं सेवा गरेर ज्ञान बाँड्न, नयाँ सीप सिक्न र समाजमा घुलमिल हुन तथा आफ्नोपनाको भाव अभिवृद्धि गर्न सकिने भएकाले स्वयंसेवाको ठूलो महत्व छ । तपाईं अष्ट्रेलियामा स्वयं सेवा गर्ने धेरै अवसरहरू प्राप्त गर्नु हुने छ ।

## राष्ट्र भाषाको रूपमा अङ्ग्रेजी

अष्ट्रेलियाली समाजमा अंग्रेजीलाई राष्ट्रिय भाषाको रूपमा लिइन्छ । अंग्रेजी भाषा देशलाई एकीकरण गर्ने महत्वपूर्ण तत्त्वको रूपमा रहेको छ। अष्ट्रेलियामा बस्ने मान्छेहरूले अंग्रेजी सिक्ने प्रयास गर्नु पर्छ ।

अंग्रेजी बोल्न सकेमा शिक्षा लिन, काम भेट्न र समाजमा घुलमील हुन सजिलो हुने भएकाले अग्रेजी बोल्न सिक्नु पर्ने हुन्छ । आर्थिक सहभागिता तथा सामाजिक एकताको लागि अंग्रेजी अपरिहार्य छ । अष्ट्रेलियाली नागरिकता प्राप्त गर्ने आवेदन दिने, अंग्रेजी मातृ भाषा नभएका आवेदकहरूले अनिवार्य रूपले अंग्रेजी भाषा सिक्ने सक्दो प्रयास गर्नु पर्छ ।

## हाम्रो समाज सुरक्षित राख्न सहयोग गर्ने

अष्ट्रेलियमा बस्ने हरेको व्यक्तिको अष्ट्रेलियाली समाजको सुरक्षा गर्ने दायित्व हुन्छ । उदाहरणको लागि यदि अष्ट्रेलियामा बस्ने कसैलाई आफ्नो साथी वा छिमेकीले आतङ्कवादी क्रियाकलाप गर्न लागिरहेको छ भन्ने लागेमा निजले सकेसम्म चाँडो अष्ट्रेलियाली सरकारी अधिकारीलाई सो कुराको जानकारी दिनु पर्छ । यसरी हामी आफ्नो समुदायलाई सुरक्षित राख्न सक्छौं ।

त्यस्तै, कुनै व्यक्तिले बाल दुर्व्यवहार भएको देखेमा वा जानकारी पाएमा निजले सो कुराको जानकारी प्रहरीलाई दिनु पर्छ ।

अष्ट्रेलियामा अनलाइन दुर्व्यवहार स्वीकार्य हुँदैन । यस्तो दुर्व्यवहारलाई कहिलेकाहीँ साइबर दुर्व्यवहार भनिन्छ । यसको उदाहरणमा अनुमति नलिइकन कसैको यौनिक फोटो वा भिडियो सेयर गर्ने, कुनै व्यक्तिलाई अनलाइनमा जिस्क्याउने वा कुनै व्यक्तिको बारेमा नश्लीय रूपले आपत्तिजनक प्रतिक्रिया दिने काम पर्छ । अष्ट्रेलियामा धेरै प्रकारका साइबर दुर्व्यवहार गैरकानुनी छ ।

## अष्ट्रेलिया प्रतिको भक्तिभाव

नागरिकताको समारोहमा अष्ट्रेलियाली नागरिकले आफू अष्ट्रेलिया र यहाँका जनताप्रति वफादार रहने कुराको सफत ग्रहण गर्नु पर्ने हुन्छ । अष्ट्रेलियाली नागरिकहरू अरू देशको नागरिकता पनि लिन सक्छन् । तर सम्बन्धित देशकको कानुनले एकभन्दा बढी देशको नागरिकता लिने अनुमति दिएको हुनु पर्छ । यसलाई दोहोरो वा बहु नागरिकता भनिन्छ । तर अर्को देशको नागरिकता लिए पनि अष्ट्रेलियाली नागरिकले अष्ट्रेलियामा हुँदा हरदम अष्ट्रेलियाली कानुनको पालना गर्नु पर्छ । अष्ट्रेलियाली नागरिकहरूले विदेशमा हुँदा पनि केही अष्ट्रेलियाली कानुनको पालना गर्नु पर्छ । उदाहरणको लागि, अष्ट्रेलियालीहरू 16 वर्ष मुनिका व्यक्तिसँग यौन सम्पर्क गर्न पाउँदैनन् ।

अष्ट्रेलियाली समाज कसैले पनि अष्ट्रेलियाको हित र सुरक्षामा आँच पुर्याउनु हुँदैन भन्ने साझा विश्वासमा आधारित छ । उदाहरणको लागि, सामाजिक सञ्जालमा औपचारिक सरकरी गोप्यता खोल्नु अष्ट्रेलियाको हित विरुद्ध काम गर्नु हो । त्यस्तै, जातीय समुदायमा अविश्वास र डर सृजना गर्नुले पनि सामुदायिक सम्बन्ध बिगार्छ ।

अष्ट्रेलियामा हामी संकटको बेला एक हुन्छौँ र सदा सर्वदा एक अर्कालाई स्नेह गर्छौं । जन धन र वन्यजन्तु तथा वातावरणको क्षति गर्न सक्षम 2019-20 मा भएको विधङ्सकारी बन डढेलो (bushfire) दौरान धेरै बहुसांस्कृतिक समुदायले रकम, कपडा र खाद्यान्य संकलन गरेर बन डढेलो प्रभावित व्यक्तिहरूलाई बाँडेका थिए । उदाहरणको लागि भिक्टोरियमा रहेका चिनियाँ, भियतनामी र कम्बोडियाली समुदायले सोपिङ सेन्टरमा दान संकलन गरे र स्थानीय सामुदायिक कार्यक्रम गरेर रकम संकले गरे भने शिख समुदायका सदस्यहररूलाई क्विन्सल्याण्डका समुदाय र अग्नि नियन्त्रकहरूलाई हजारौँ बोतल पानी उपलब्ध गराए ।



# संक्षेपमा

हाम्रा प्रजातान्त्रिक संघ संस्था र साझा मूल्य मान्यताहरूले शान्त र स्थायी समाजको सृजना गरेको छन्।

हाम्रा प्रजातान्त्रिक संघ संस्था र साझा मूल्य मान्यताहरूले शान्त र स्थायी समाजको सृजना गरेको छन्। हामी आपसमा अनुपम र अनौठो संस्कृतिक आदान प्रदान गर्दछौं। अष्ट्रेलियाको नागरिकको हैसियतले तपाईं हाम्रो देशको कथाको पात्र हुनुहुनेछ र हाम्रो भविष्यप्रति योगदान पुर्याउनुहुनेछ। अष्ट्रेलियाले तपाईंलाई स्वागत गर्दछ। नागरिकता हाम्रो साझा सम्बन्धको प्रतिक हो।

# परिक्षा लिइने खण्डको शब्दकोष

आदिवासी र टोरस स्ट्रैट आइल्याण्डर पिपुल (the Aboriginal and Torres Strait Islander people)
आदिवासी र टोरस स्ट्रैट आइल्याण्डर पिपुल अष्ट्रेलियाका आदिवासी हुन् ।
*अष्ट्रेलियाको जनसंख्याको लगभग तीन प्रतिशत आदिवासी र टोरस स्ट्रैट आइल्याण्डर पिपुलहरू छन्।*

अष्ट्रेलियन मानब आधिकार आयोग (Australian Human Rights Commission)
भेदभाव र मानव अधिकार उल्लंघनको घटनाको अनुसन्धान गर्ने एउटा स्वतन्त्र आयोग ।
*नश्लीय घटनाहरूको बारेमा अष्ट्रेलियन मानब आधिकार आयोगमा उजुरी गर्न सकिन्छ ।*

अष्ट्रेलियाको सार्वजनिक सेवा
सरकारी विभाग र तिनिहरूले रोजगार दिएका मानिसहरू
*पाउलले सर्भिस अष्ट्रेलियाको कर्मचारीको रूपमा अष्ट्रेलियाको सार्वजनिक सेवामा जागिर पायो।*

जन आन्दोलन (दंगा)
प्रायजसो सरकारी नीति र निर्णयको बिरोधमा हुने ठूलो संख्याका मानिसहरूको प्रदर्शनी र बिरोध
*सरकारले अलोकप्रिय कानून पारित गर्दा मानिसहरूले त्यसको विरोध गर्दै प्रदर्शन गरेका थिए।*

मिलिजुली
प्रायजसो दुई वा दुई भन्दा बढी राजनीतिक पार्टीहरूको गठबन्धन सरकार वा विपक्ष
*चुनावपछि, त्यहाँ प्रतिनिधि सभामा कुनै पनि पार्टीले बहुमत ल्याएन, त्यसैले दुईवटा उस्तै बिचारधारा भएका पार्टीहरूले मिलिजुलि सरकार गठन गर्ने अवस्था।*

आयोग
कार्यकारी उत्तरदायित्व भएका मानिसहरूको समूह
*एउटा स्वतन्त्र आयोगले मतदानको आयोजना गर्दछ।*

संविधान
सरकारले पालना गर्नु पर्ने अष्ट्रेलियाको सर्वोच्च कानुन
*संविधानले कार्यपालिका, व्यवस्थापिक र न्यायपालिकाको अधिकार तोक्छ ।*

संवैधानिक राजतन्त्र
राजा वा महारानी राज्यको सर्वश्रेष्ठ भएको देश, जसको शक्ति संविधान द्वारा सिमित गरिएको हुन्छ
*हाम्रो संबिधानले संघीय अष्ट्रेलियालाई (Commonwealth of Australia) बेलायतका राजा वा रानीलाई राष्ट्र प्रमुख मानिएको सम्वैधानिक राजतन्त्रको रुपमा स्थापित गरेको छ।*

अदालत
एउटा स्थान जहाँ कानूनी मामिलाहरू न्यायाधिश वा मेजिस्ट्रेट द्वारा सुनुवाई हुन्छ
*जब मानिसहरूले कानून भंग गर्दछन्, तिनिहरू अदालत जान्छन।*

अपराधिक परिक्षण
अभियोग लागेका अपराधको निर्णय गर्ने बारेमा कुनै पनि व्यक्ति दोषी वा निद्रोषी ठहराउन अदालतले तथ्यहरूको सुनुवाई गर्ने
*अपराधिक परिक्षण पश्चात बैङ्क डकैती गर्नेलाई झ्यालखानामा पठाइयो।*

साइबर दुर्व्यवहार
प्रविधिको प्रयोग गरेर कसैलाई धम्काउने, हप्काउने, दुर्व्यवहार गर्ने वा होच्याउने काम
*अष्ट्रेलियामा धेरै प्रकारका साइबर दुर्व्यवहारलाई अपराध मानिन्छ र त्यसैले यो कुराको बारेमा प्रहरी, जुन अनलाइन सेवाका यो घटना घटेको हो अनलाइन सेवाका रिपोर्ट गरिनु पर्छ ।*

प्रजातन्त्र
निर्वाचित प्रतिनिधिको जनताको सरकार ।
*ग्रेस प्रजातन्त्रमा रहनको लागि खुशी थिइन जहाँ उनिले आफ्नो संसदको प्रतिनिधिलाई भोट खसाल्न सक्छिन।*

### घरेलु हिंसा वा पारिवारिक हिंसा
घरेलु हिंसा वा पारिवारिक हिंसामा डर देखाएर, धम्क्याएर आफ्नो साथीलाई नियन्त्रण गर्न गरिने व्यवहार समावेश हुन्छ । घरेलु हिंसा वा पारिवारिक हिंसा गर्नु भनेको गैरकानुनी काम गर्नु हो । यो काम स्वीकार्य हुँदैन ।
*घरेलु हिंसा वा पारिवारिक हिंसा गर्नु भनेको गैरकानुनी काम गर्नु हो । यसको बारेमा प्रहरीमा रिपोर्ट गरिनु पर्छ ।*

### लागू औषध व्यापार
अबैध रूपले बिक्रीको लागि लागू औषधी बोक्ने वा खरिद गर्ने
*जेसलाई लागू औषध व्यापारको कारण झ्यालखानामा पठाइयो।*

### चुनाव
जनताले संसदमा आफूलाई प्रतिनिधित्व गर्ने व्यक्ति छान्ने विधि
*18 वर्ष पगेका वा त्यसभन्दा माथिका अष्ट्रेलयन नागरिकहरू अनिवार्य रूपले चुनावमा मतदान गर्नु पर्छ ।*

### मतदाता नामावली
मतदान वा जनमत संग्रहमा भोट दिनपाउने मानिसहरूको नामावली
*जब जेन भोट दिने केन्द्रमा आइपुगिन, अधिकारीले उनकोनाम मतदान नामावलीमा खोजिदिए।*

### निर्वाचन क्षेत्र
प्रतिनिधि सभामा मतदाता पठाउने मतदाताहरूको क्षेत्र
*निर्वाचन क्षेत्रलाई मतदान जिल्ला, विभाव वा सिट भनिन्छ ।*

### समानता
एउटै स्थिति
*अष्ट्रेलियालीहरू मानिसहरू बीचको समानतामा विश्वास गर्छन्।*

### कानून लागू गर्ने
मानिसहरूले कानून पालन गर्ने पक्का गर्न
*पुलिसले कानून लागू गर्दछ र शान्ति कायम गर्दछ।*

### कार्यकारी अधिकार
कानून प्रशासित गर्ने अधिकार र शक्ति, अष्ट्रेलियाको संविधानको तिन मध्ये एक शक्ति
*अष्ट्रेलियाको संसदले बनाएको कानूनलाई प्रशासित गर्ने कार्यकारी अधिकार अष्ट्रेलियाको सरकारको मन्त्रीहरू र गभर्नर जनरल लाई छ।*

### न्यायोचित अवसर
सबै पृष्ठभूमिका व्यक्तिहरूलाई सफतला प्राप्त गर्ने समान अवसर दिइने अवस्था
*अष्ट्रेलियमा सबैले 'न्यायोचित अवसर' प्राप्त गर्नु पर्छ भन्ने कुरामा विश्वास गरिन्छ ।*

### महासंघ
उपनिवेसी संघहरू भित्रको एउटा उपनिवेश देश जसको तोकिएका शक्तिहरू अझै काम छ
*सन् 1901 उपनिवेशहरू महासंघमा संयुक्त भए जसलाई अष्ट्रेलिया राष्ट्रमण्डल (Commonwealth of Australia) भनियो।*

### पहिलो जहाज ('First Fleet')
क्याप्टेन आर्थर फिलिप्स (Captain Arthur Phillip)को नेतृत्वमा
न्यू साउथ वेल्समा कैदीहरूको बासस्थान स्थापना गर्न बेलायतबाट आएको 11 पानीजहाजको समूह
*पहिलो जहाज सन् 1788 जनवरी 26 मा सिड्नी कोभमा आइपुगेको थियो ।*

### फूलका प्रतिक
राष्ट्रिय फूल
*गोल्डन वाटल अष्ट्रेलियाको राष्ट्रिय फूल हो।*

### जबरजस्ती विवाह
यस्तो विवाह जसमा एक वा दुबै पक्षको राजिखुसी वा सहमति हुँदैन
*उनी कहिल्यै जवरजस्ती गरिएको विवाहप्रति खुसी हुन सकिनन् । त्यसैले, उनी सधैँ सम्बन्ध विच्छेद गर्न चाहन्थिन् ।*

**वर्तमान समय देखि पछि**
अहिले देखि र भविष्यमा
*नागरिकताको समारोहमा, यस समय पछाडि तपाईं अष्ट्रेलियाप्रति वफादार हुन्छु भनि कबुल गर्नुहुनेछ।*

**पहिचान मूलक**
प्रख्यात तस्वीर (चिन्ह)
*ओपेरा हाउस सिड्नी को प्रख्यात पहिचान हो।*

**आदिवासी**
अष्ट्रेलियाका आदिवासी र/वा टोरस स्ट्राट आइल्याण्डर जनताहरू
*आदिवासीहरू अष्ट्रेलियका प्रथम वासिन्दाहरू हुन् ।*

**समायोजन**
आप्रवासीहरू समाजमा समायोजन हुने पद्धति । यसैका कारणले उनीहरू यो समाजमा सहभागी भएर योगदान दिन सक्छन् ।
*समय बित्दै जाँदा आप्रवासीहरू अष्ट्रेलिया र स्थानीय समाजमा समायोजन भएर धेरै फाइदा लिन सक्ने छन् ।*

**न्यायिक अधिकार (शक्ति)**
अष्ट्रेलियाको संविधान अन्तर्गत तिन मध्ये एक अधिकार (शक्ति) जसले कानूनको व्याख्या र कार्यान्वयन गर्दछ
*अष्ट्रेलियाका अदालतहरूमा न्यायिक अधिकार निहित हुन्छ ।*

**वैधानिक शक्ति**
अष्ट्रेलियाको संविधान अन्तर्गत तिन मध्ये एक अधिकार (शक्ति) जसले कानून बनाउने र परिवर्तन कार्यान्वयन गर्दछ
*संविधान अन्तर्गत संसदमा व्यवस्थापकीय अधिकार निहित हुन्छ ।*

**स्वतन्त्रता**
व्यक्तिगत स्वतन्त्रता र स्वतन्त्रता
*हाम्रो प्रजातान्त्रिक समाजमा, मानिसहरूको वाक्य स्वतन्त्रता, भावना को स्वतन्त्रता, धार्मिक स्वतन्त्रता र सांगठित स्वतन्त्रता छ। हामी यस स्वतन्त्रताको कदर गर्दछौं।*

**मेजिस्ट्रेट**
तल्लो अदालतको न्यायाधिश (नेता)
*मेजिस्ट्रेटले डकैती गर्नेलाई दोषी ठहर्याइ झ्यालखानामा पठाइयो।*

**भाइचारा**
विषेश गरेर मुस्किल परेको बेला अरूलाई मद्दत गर्ने र अरूबाट मद्दत लिने
*जब मेरो कार बिग्रेको थियो, अन्य ड्राईभरहरूले एउटा भाइचाराको भावनाले धकल्न सहयोग गरिदिए।*

**राष्ट्रिय गान**
राष्ट्रिय गीत
*'Advance Australia Fair' अष्ट्रेलियाको राष्ट्रिय गान हो।*

**संसदीय प्रजातन्त्र**
नागरिकद्वारा नियामित रूपले चुनावबाट प्रतिनिधि छान्ने आधारमा आधारित सरकारी प्रणाली
*संसदीय प्रजातन्त्रमा मानिसहरू उनिहरूको प्रतिनिधिलाई भोट दिन्छन।*

**राजनीतिक पार्टी**
देश कसरी चल्नु पर्दछ भन्ने कुरामा एउटै बिचारधारा भएको मानिसहरूको समूह । यो समूह समान्यतया चुनावमा भाग लिन्छ ।
*राजनीतिक पार्टीका सदस्यहरू नियमित रूपले भेट्दछन् उदाहरणको लागि, सार्वजनिकस यातायात साधनको सुधारको बारेमा झलफल गर्न।*

**नश्लवाद**
नश्ल, रङ्ग, राष्ट्रियता वा जातीय उत्पतिको आधारमा कसैलाई भेदभाव, अन्याय, उत्पीडन वा घृणा गर्ने काम
*नश्लवाद अष्ट्रेलियामा गैरकानुनी छ । यसको बारेमा प्रहरीमा रिपोर्ट गरिनु पर्छ । नश्लीय घटनासम्बन्धी उजुरी अष्ट्रेलियन मानब आधिकार आयोगमा गर्न सकिन्छ ।*

### जनमतसंग्रह
अष्ट्रेलियन संविधानमा परिवर्तनको प्रस्तावमा सबै मतदाताहरूले भोट खसाले
*सन् 1967 को जनमत संग्रहमा, तथ्यांङ्कको लागि मानिसहरूले आदिवासी जनताको गन्तीगर्न भोट दिए।*

### प्रतिनिधि
व्यक्ति जो अरूको लागि काम गर्दछ वा बोलिदिन्छन्
*मेरो स्थानीय परिषदको प्रतिनिधिले मेरो विचारलाई मनपरायो र परिषदको मिटिंङ्गमा प्रस्तुत गर्यो।*

### सम्मान गर्नु
कसैलाई व्यक्तिको रूपमा सम्मान गर्नु र उनीहरूको निर्णयलाई सम्मान गर्नु
*इमिलीको परिवारले इमिलीले बौद्ध धर्म मान्न थाल्न गरेको निर्णय सम्मान गरेकोमा उनी हर्षित बनिन् ।*

### कानुनको शासन
नागरिक र सरकार सहित सबै नागरिकहरू कानुनको अधिनमा हुन्छन् ।
*कानुनी शासन अन्तर्गत प्रधानमन्त्री लगायतका सबै अष्ट्रेलियालीहरूले कानुनको पालना गर्नु पर्ने हुन्छ ।*

### सर्भिसेज अष्ट्रेलिया
Medicare, Centrelink, र Child Support को माध्यमबाट स्वास्थ्य, सामाजिक र कल्याणसम्बन्धी भुक्तानी र सेवा प्रदान गर्ने अष्ट्रेलिया सरकारको एजेन्सी ।
*सर्भिसेज अष्ट्रेलियाले Centrelink र अन्य सेवाहरूको प्रयोग गरी सहायता रकम प्रदान गर्छ ।*

### गोप्य मतपत्र
एउटा भोट गर्ने प्रणाली जहाँ मानिसहरूले व्यक्तिगत भोट खसाल्छन्, त्यसैले गर्दा कसैले पनि कसरी भोट दिने भनि दवाव वा प्रभाव पार्न सक्दैनन्
*गोप्य मतपत्रमा तपाईंको भोट लेखिरहँदा कसैले पनि हेरेको हुदैनन्।*

### धर्म निरपेक्ष
धर्मबाट छुट्टिएको
*धर्म निरपेक्ष समाजमा त्यहाँ कुनै आधिकारीक धर्म हुंदैन।*

### स्ववलम्बी
अरूको सहयोग नलिई आफ्नो आवश्यकता पूरा गर्न सक्ने
*काम भेटेपछि ऊ आफ्नो खान किन्न र घर भाडा तिर्न सक्षम भयो । ऊ स्ववलम्बी भयो ।*

### स्थापना
निर्माण, स्थापना, शुरू
*गभर्नर फलिपले न्यू साउथ वेल्समा (New South Wales) पहिलो बस्ती बसाले।*

### जिल्ला (शायर)
स्थानीय सरकारको क्षेत्र
*मेरो शायरको सडकहरू अति सुरक्षित छन्।*

### सामाजिक सुरक्षा
सरकारी निवृतिभरण वा बेरोजगारलाई, अशक्त मानिसहरू, बृद्ध मानिसहरू र खाँचो परेकाहरूलाई मद्दत गर्न दिएको सहयोग
*जब टाङ्गले जागिर गुमाइन् उनले सामाजिक सुरक्षा (social security) को लागि निवेदन दिइन् ।*

### अष्ट्रेलियन कर कार्यालय (Australian Taxation Office)
कर र पेन्सन प्रणालीको व्यवस्थापना गर्ने अष्ट्रेलियाली सरकारी एजेन्सी ।
*हरेक वर्ष प्रायजसो अष्ट्रेलियालीहरूले अष्ट्रेलियन कर कार्यलयमा कर फिर्ता फाराम पेस गर्छन् ।*

### मूल्य मान्यताहरू
कुनै व्यक्तिलाई सही गलत छुट्याउन सिकाउने र विभिन्न परिस्थितिमा व्यवहार गर्न सिकाउने सिद्धान्तहरू
*अष्ट्रेलियाका साझा मूल्य मान्यताहरू छन् । हामी ती मूल्य मान्यतालाई अष्ट्रेलियाली मूल्य मान्यता भन्छौँ ।*

### स्वंयंम सेवक
व्यक्ति जसले पैसाको आशा नगरिकन व्यक्ति वा संस्थालाई उनिहरूको समय दिन्छ
*राजा स्वंयंम सेवक हो उनिले उनको घरमा मानिसहरूलाई अंङ्ग्रेजी पढाउँछन्।*



# परीक्षामा आउने खण्ड समाप्त